झापा.जि.प्र.का.द.नं. ५०/२०५२-'५३

# साप्ताहिक समाचार

वर्ष : २४ | अंक : ३७ | २०७८ जेठ २ गते, आइतबार | 16 May Sunday 2021 | National Weekly | पृष्ठ : ६ | मूल्य : १०/-

# जनप्रतिनिधिका 'रोल मोडल' : जनताको घर-आँगनमा राहत

**सुरुंगा**/ झापा जिल्लाको कनकाई नगरपालिकाका मेयर जिल्लाभरका अन्य जनप्रतिनिधिहरू भन्दा सर्वथा भिन्न छन् । भिन्न यस अर्थमा कि, उनी जनताका हरेक दुःखमा नजिक रहन्छन् र तिनको आवश्यकता सम्बोधन गर्न हरसम्भव यत्न गर्ने गर्छन् ।

आफ्ना नगरबासीको हितमा निरन्तर कामैले खटिरहने उनी साँचो अर्थमा जिल्लाकै सम्भवतः एकमात्र 'जनताका प्रतिनिधि' हुन् । उनले पद बहाली गरे यता त्यस्ता दर्जनौं जनहितकारी काम गरेका छन्, जुन अरू पालिकाकाले गरेका छैनन् । जनताको सेवालाई नै आफ्नो मूल ध्येय बनाएका उनी अर्थात् राजेन्द्र पोखरेल समस्त जनप्रतिनिधिका 'रोल मोडल' नै हुन् ।



कनकाई नगरपालिकाका प्रमुख राजेन्द्र पोखरेल केही समय यता नगरभित्र होम आइसोलेशनमा रहेका कोरोना संक्रमितमध्ये जटिल अवस्था भएकाहरूलाई घरमै अक्सिजन सिलिण्डर पुऱ्याउने अभियानमा छन् ।

कनकाईमा हाल १ सय ७७ जना संक्रमित होम आइसोलेशनमा छन् । उनीहरूलाई आवश्यक पर्ने औषधि, स्वास्थ्य सामग्री र अक्सिजन सिलिण्डर उनी आफैं स्वास्थ्यकर्मीहरूका साथमा घरमै पुऱ्याउन जाने गर्छन् ।

नगरमा हाल २० शैयाको आइसोलेशन वार्ड सञ्चालनमा ल्याइएको छ । होम आइसोलेशनमा रहेका नगरबासीलाई थप स्वास्थ्य सुविधा आवश्यक परेमा जुनसुकै बेला नगरको आइसोलेशन वार्डमा लैजाने व्यवस्था मिलाइएको र अझ बढी स्वास्थ्य सेवा आवश्यक भएमा प्रदेश नं- १ को जुनसुकै सुविधासम्पन्न अस्पतालमा पुऱ्याउने व्यवस्था पनि नगरपालिकाले नै गरिरहेको कनकाईका कोरोना फोकल पर्सन नारायण अधिकारीले जानकारी दिएका छन् ।

नगरप्रमुख आफै अक्सिजनको सिलिण्डर बोकेर संक्रमितको घरमा पुग्दा स्वास्थ्य सेवामा परिचालित स्वास्थ्यकर्मीको टोलीमा हौसला बढेको र नगरबासीको आत्मबल पनि उच्च भएको अधिकारी बताउँछन् ।

**गाडी किन्ने बजेटबाट खोले प्राविधिक कलेज**

यसैगरी, मुलुकभर स्थानीय तहले सवारीसाधन खरीदमा ठूलो धनराशि खर्चेको विषयमा आलोचना भइरहँदा कनकाईका मेयर पोखरेलले चाहिं सवारीसाधनका लागि छुट्याएको बजेट प्राविधिक शिक्षामा सदुपयोग गरेका छन् ।

आर्थिक वर्ष २०७६-७७ मा नगरसभाले मेयरका लागि सवारीसाधन खरिद गर्न ६० लाख रुपैयाँ बजेट विनियोजन गरेको थियो । तर, मेयर पोखरेलले सो प्रस्ताव अस्वीकार गर्दै प्राविधिक शिक्षालय स्थापनामा सो रकम खर्च गरे ।

कनकाईकी उपप्रमुख मञ्जु प्रसाईंले- 'बजेटमा प्रमुखका लागि गाडी किन्न रकम छुट्याइएको थियो । तर, उहाँले किन्न मान्नुभएन । र, गाडी किन्ने बजेट प्राविधिक शिक्षालय स्थापनामा खर्च गरिएको' बताएकी थिइन् ।

नगरलाई शैक्षिक हब बनाउने र रोजगारीमूलक शिक्षा प्रदान गर्ने योजना अनुरुप नगर-प्रमुख पोखरेलले नै इञ्जिनीयरिङ विषयको पढाई हुने कलेज खोल्ने प्रस्ताव अघि बढाए अनुरुप हाल कनकाई पोलिटेक्निक इन्स्टिच्युट सञ्चालनमा छ ।

दुर्गापुरस्थित सो इन्स्टिच्युटमा सीटीईभीटी अन्तर्गत ३ वर्षे डिप्लोमा तहको सिभिल इञ्जिनीयरिङ, जियोमेटिक्स इञ्जिनीयरिङ र इन्फर्मेशन टेक्नोलोजीको पठनपाठन हुँदै आएको छ ।

'नगरको गौरव' परियोजना मानिएको सो कलेजबाट उत्पादित स्थानीय जनशक्तिलाई नगरपालिकाले नगरभित्रै रोजगारी दिलाउने सोच समेत बनाएको सो नगरपालिकाले 'कमाइका लागि शिक्षा' कार्यक्रम अन्तर्गत विद्यार्थीलाई नगरमा निर्माणाधीन परियोजनामा पारिश्रमिक दिएर काम गराउँदै सिकाउने नयाँ कार्यक्रम अघि बढाइएको नगरपालिकाले जनाएको छ ।

**साइकल चढ्छन् मेयर**

नगरपालिका स्थापना हुँदा प्रदेश सरकारले कनकाईलाई उपलब्ध गराएको एउटा पुरानो जीप नै अति आवश्यक पर्दा नगर-प्रमुख र उपप्रमुखले प्रयोग गर्दै आएका छन् ।

नगर-प्रमुख पोखरेल कहिलेकाहीं घरबाट साइकल चढेर नगरपालिका आउँछन् भने नजिकको फिल्डमा पनि साइकलमै जाने गर्छन् ।

मेयर पोखरेलको तर्क छ- 'सानो आम्दानी भएको नगरपालिकाले गाडी खरीदमा लाखौं खर्च गर्न हुँदैन भन्ने हाम्रो सोच हो । र, साइक्लिङ कल्चर बनोस् भनेर मैले साइकल प्रयोग गरेको हुँ ।' नगरपालिकाले गत वर्षकै बजेटमा गाडी किन्न छुट्याइएको बजेट रकमान्तर गरेर ६ लाख रुपैयाँ साइकल लेन निर्माणमा लगाउन गरेको काम चालू आर्थिक वर्षमा पूरा हुने छ ।

**इटहरीका जनप्रतिनिधि पनि औषधि र सिलिण्डर बोक्दै**

यसैगरी, सुनसरी जिल्लाको इटहरी उपमहानगरपालिकाकी उपप्रमुख लक्ष्मी गौतम पनि कोभिड महामारीका बेला स्वास्थ्य समस्या परेका नगरबासीको घर-आँगनमा पुग्दै छिन् । आवश्यक औषधिहरू र चिकित्सक सहितको टोली लिएर उपप्रमुख गौतम संक्रमितको घरमा पुग्दै, स्वास्थ्य अवस्था बुझ्दै र आवश्यक उपचार सहयोगका लागि फोन गर्न आफ्नो मोबाइल नम्बर दिंदै अप्ठ्यारो परे सम्पर्क गर्न आग्रह गर्ने गरिरहेकी छिन् । उनी आफैं पनि बेला-बेला फोन गरेर संक्रमितको स्वास्थ्य अवस्था बारे जानकारी लिने गर्छिन् ।



इटहरी उपमहानगरको स्वास्थ्य शाखाले होम आइसोलेशनमा रहेका संक्रमितको अवस्था हेरेर प्रत्यक्ष भेटघाट गर्ने र टेलिफोन गरेर बुझ्ने काम गरिरहेको कुमार लुइँटेलले लेखेका छन् । उपप्रमुख गौतम भन्छिन्- 'हामी स्थानीय सरकार भएको नाताले आफ्ना नगरबासीको समस्या बुझ्ने र हौसला बढाउने काममा सक्रिय भएका हौं ।'

महामारी पीडितहरू भनिरहेका छन्- 'हामीले भोट दिएका जनप्रतिनिधिले हामी समस्या परेका बेला सोधखोज गर्नु सकारात्मक हो । हामी खुशी छौं ।'

उपमहानगरले क्षेत्रीय रंगशालामा ५० शैयाको अक्सिजन सहितको आइसोलेशन सञ्चालन गरिरहेको छ भने ६ शैयाको कोभिड अस्पताल सञ्चालनमा ल्याएको छ ।

त्यसैगरी, बिराटनगर महानगरपालिकाका मेयर भीम पराजुली पनि संक्रमितलाई समस्या परे आफैं अक्सिजन सिलिण्डर लगायतका स्वास्थ्य सामग्री बोकेर बिरामीका घर पुग्छन् । कतिपय सिकिस्तलाई अस्पताल भर्ना गराउन आफैं खटिन्छन् ।

मेयर पराजुली भन्छन्- 'जनप्रतिनिधिको हैसियतले हामीले होम आइसोलेशनमा समस्यामा परेकाहरूलाई सहयोग गर्ने गरेका छौं । वडाहरू मार्फत कोरोना संक्रमितका निम्ति औषधिहरू सहित स्वास्थ्यकर्मीहरू समेत पठाउने गरेका छौं । बिराटनगरमा ज्येष्ठ नागरिकका स्वाब मोबाइल भेन मार्फत घरमै गएर संकलन गर्ने व्यवस्था पनि गरिएको छ ।

## झापामा कडा निषेधाज्ञा : जेठ १ देखि ७ गतेसम्म ठप्प !

**भद्रपुर**/ पछिल्लो दिनमा झापामा कोरोना संक्रमण तीव्र रूपमा बढिरहेको भन्दै जेठ १ गतेदेखि औषधि खरीद र उपचारका लागि बाहेक कुनै पनि व्यक्तिलाई घर बाहिर निस्कन नपाउने गरी निषेधाज्ञामा थप कडाई गरिएको छ ।

बैशाख २० गतेदेखि पहिलोपटक ३ दिन आंशिक निषेधाज्ञा जारी गरेको प्रशासनले २३ गते यता पूर्ण निषेधाज्ञा गरेसँगै पुनः बैशाख ३० गते जिल्ला कोभिड- १९ संकट व्यवस्थापन केन्द्र (डीसीसीएमसी)को बैठकपछि सो निषेधाज्ञामा थप कडाई गर्ने निर्णय गरेको हो ।

औषधि, स्वास्थ्य सामग्री, इन्धन बाहेक खाद्यान्न पसल लगायतका व्यवसाय पूर्णतः बन्द गर्ने; सब्जी, फलफूल, दूध तथा दूधजन्य पदार्थ स्थानीय तह तथा उद्योग वाणिज्य संघको समन्वयमा बिहान ८ बजेदेखि घर-घरमा होम डेलिभरी गर्न दिने लगायतका निर्णय भएको छ ।

**कोरोना संक्रमणको भयावह विस्तारलाई मध्यनजर गर्दै झापा जिल्लामा लागू गरिएको "पूर्ण निषेधाज्ञा"को आज ११ औं दिन**


सो निर्णय जेठ ७ गते मध्यरातसम्म लागू हुने जिल्ला प्रशासनले जनाएको छ ।

कोरोना संक्रमितको संख्या दिनानुदिन बढ्दै गइरहँदा पहिलो चरणको निषेधाज्ञा उल्लंघन भएको जनगुनासो आएपछि यसपटकको निषेधाज्ञा थप कडा पारिएको प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिमिल्सिनाको भनाई छ ।

डीसीसीएमसी बैठकले अत्यावश्यक सेवा सञ्चालन बाहेकका सरकारी कार्यालय, सार्वजनिक संस्थान, बीमा कम्पनी लगायतका कार्यालयहरू स्थगन गर्ने र त्यस्ता कार्यालयमा न्यूनतम कर्मचारी मात्र उपस्थिति भई काम गर्ने, त्यहाँका कार्यरत कर्मचारीले परिचय-पत्रका आधारमा बिहान ९ देखि १० र बेलुका ५ देखि ६ बजेसम्म सरकारी तथा निजी सवारीसाधन चलाउन पाउने, बैंक तथा वित्तीय संस्थाहरू न्यूनतम कर्मचारीको उपस्थितिमा हप्ताको २ दिन सञ्चालन गर्न पाउने, सहकारी संस्थाहरूले बचत संकलन स्थगित गर्ने लगायत निर्णय गरेको छ ।

बाँकी ६ पृष्ठमा


## मुखबिरे



"जिल्ला प्रशासनले बन्दाबन्दीको कडाई गरे पनि र सीमा नाका बन्द रहे पनि लगातार तस्करी भइरहनु, हाटबजारको अचाक्ली महंगीको अनुगमन नहुनु त छँदैछ; वैवाहिक कार्यक्रमहरू सीमित उपस्थितिमा मात्रै गर्नू भन्ने उर्दीका बाबजुद निम्ताराुहरूको भीडले डान्स गर्दै गाना-बजानाको चर्को कोलाहल फैलाउनु चाहिं बन्देज लगाउनुपर्ने बुँदाभित्र पर्दैन रछ भन्ने प्रश्न पो गर्न थालेका छन् अरे त !"

ए...हो र ?

**होटल एभरेट लज रेष्टुरेन्ट एण्ड पार्टी प्यालेस**



**सुन्दर एवम् शान्त वातावरणमा स्वादिष्ट परिकारको मजजा**



प्रो.: दीपक पकुवाल
नयाँ बजार (गौशाला दक्षिण) भद्रपुर-५, झापा
फोनः ०२३-५२०२५०/ मो. ९८०७९-५४२९४



# स्वाब लिने ठाउँमै संक्रमणको खतरा ?

**भद्रपुर/** मेची अञ्चल अस्पतालमा पीसीआर परीक्षण गर्न दिनहुँ सयौंको संख्यामा आउने मान्छेको जमघटबाटै कोरोना संक्रमण फैलिने खतरा देखिएको छ ।

पीसीआरका लागि स्वाब दिन अस्पताल पुगेका मान्छे एकअर्कासँग टाँसिएर लाइनमा बस्दा त्यहाँबाटै संक्रमण फैलिने जोखिम अत्यधिक रहेको पाइएको हो ।

स्वाब दिन पुगेकाहरूमध्ये संक्रमित भएका वा नभएका दुबैथरिका व्यक्ति भौतिक दूरी कायम नगरिकनै स्वाब दिइरहेको अवस्थाले संक्रमित व्यक्तिबाट अरूलाई स्वाब दिनुअघि नै कोरोना सर्ने अवस्था रहेको छ । जबकि स्वाब लिने ठाउँमा डोरीको बार र संकेतात्मक गोलो घेरा बनाइएको छ, तर त्यसको



पालना त्यहाँ आउनेहरूले गरिरहेका छैनन् ।

मेसु. पीताम्बर ठाकुर र अस्पतालका चिकित्सक तथा कर्मचारीले पनि स्वाब दिन आएकालाई शारीरिक दूरी राख्न पटक-पटक आग्रह गरिरहँदा व्यवस्थित गर्न नसकेको अस्पताल स्रोतको कथन छ ।

मेची अस्पतालमा पछिल्लो एक साताको पीसीआर रिपोर्टको तथ्यांक हेर्दा स्वाब लिएकामध्ये ७० देखि ८० प्रतिशतसम्मको रिपोर्ट पोजेटिभ आउन थालेको अस्पताल प्रशासनले जनाएको छ ।

# पार्टी कार्यालयमा कोभिड अस्पताल

**काठमाडौं/** नेपाली कांग्रेसले ३ वटा जिल्लाको पार्टी कार्यालय अस्थायी कोभिड अस्पताल निर्माणार्थ सरकारलाई दिएको छ ।

नेपाली कांग्रेसको सुनसरी, नुवाकोट र रुपन्देही पार्टी कार्यालय अस्थायी कोभिड अस्पताल निर्माणका लागि दिने घोषणा गरिएको हो ।

पार्टीका जिल्ला सभापति समेत रहेका राजीव कोइरालाले इनरुवास्थित पार्टी कार्यालयको भवनलाई नगरपालिकाले आवश्यकता अनुसार आइसोलेशन युनिटका रूपमा प्रयोग गर्न सक्नेगरी इजाजत दिइएको बताएका छन् ।

यस्तै, नुवाकोटको विदुरस्थित नेपाली कांग्रेस पार्टी कार्यालयमा कोभिड-१९ को अस्थायी अस्पताल बनाउन जिल्ला कोभिड रोकथाम तथा नियन्त्रण केन्द्रलाई कांग्रेस जिल्ला कार्यसमिति नुवाकोटका सभापति जगदीश्वर नरसिंह केसीले अनुरोध गरेका छन् ।

त्यसैगरी, कांग्रेस रुपन्देहीले पनि भैरहवास्थित भीम अस्पतालको पछाडि रकेको पार्टी कार्यालय अस्थायी कोभिड अस्पताल वा आइसोलेशन निर्माणका लागि दिने सभापति अब्दुल रज्जाकले जनाए ।

कोभिड महामारीको दोस्रो चरण समुदायस्तरमा फैलिइरहेको र मानिसले बेड, अक्सिजन नपाएरै ज्यान गुमाउने स्थिति आएकाले आफूहरूले यस्तो निर्णय गरेको उनीहरूको कथन छ ।

# ब्याजका लोभी होशियार !

**भद्रपुर/** सयकडा २ का दरले ब्याज दिने भन्दै स्थानीयहरूबाट संकलन गरेको करोडौं रुपैयाँ लिएर मोरङ, उर्लाबारीका सुन-चाँदी व्यापारी राजेश भनिने गोपाल गौतम फरार भएका छन् ।

उर्लाबारी नगरपालिका- ६, डीबी मार्गस्थित गौतम सुनचाँदी पसलका ती सञ्चालकले त्यहाँका ३ सय जनाभन्दा बढी सर्वसाधारणले बढी ब्याजको लोभमा लगानी गरेको १२ करोडभन्दा बढी रकम लिएर फरार भएका हुन् । न्यूनतम १ लाखदेखि २० लाख रुपैयाँसम्म ब्याजमा लगाउने सर्वसाधारणलाई पसले गौतमले पासबूक दिने गरेका थिए । अहिले त्यही पासबूक बोकेर पीडितहरू जनप्रतिनिधिदेखि स्थानीय प्रशासनसम्म हारगुहार गरिरहेका छन् । धेरैको दुःख गरेर आर्जेको रकम लिएर गत साउनमै फरार भएपछि त्यस भेगका पीडित सर्वसाधारणले 'राजेश गौतम पीडित पहल समूह' बनाएर पहल गरिरहेको जनाइएको छ ।

यसअघि पनि ऋणका लागि ग्राहकले धितोमा राखेको सुन लिएर मोरङको बूढीगंगा गाउँपालिकामा 'चन्दा ज्वेलर्स' नामको सुन पसल सञ्चालन गरिरहेका चन्दन स्वर्णकार बेपत्ता भएका थिए भने बिराटनगरबाट २ वर्ष पहिले ओमलक्ष्मी ज्वेलर्सका शिशु बेगवानी पनि पसल बन्द गरेर सपरिवार भागेका थिए । उनको र परिवारको सबै घरजग्गा बैंकले लिलाम गरेको थियो ।

## झापामा...

भारतको खुला नाकासँग जोडिएको झापा जिल्लामा कोरोना संक्रमणको रफ्तार ह्वातै बढेको छ । जिल्लामा जेठ १ गतेसम्म २६ सय १३ जना सक्रिय संक्रमित रहेका छन् । हालसम्म जिल्लामा कोरोनाबाट मृत्यु हुनेको संख्या १७१ पुगेको स्वास्थ्य कार्यालय-झापाले जनाएको छ ।

उता, मुलुकको एक मात्र अन्तर्राष्ट्रिय विमानस्थल त्रिभुवन एयरपोर्टबाट हुने अन्तर्राष्ट्रिय उडानमाथिको प्रतिबन्ध यही जेठ १७ गतेसम्म लम्बिएको छ ।

नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) ले जरुरी सूचना निकालेर अन्तर्राष्ट्रिय हवाई उडानमाथिको प्रतिबन्ध थप २ साता लम्ब्याउने जनाएको हो। तथापि नेपाल र भारतबीच भएको एयर बबल सम्झौता अनुरूप दुई मुलुकको उडानलाई भने निरन्तरता दिइएको छ। उक्त सम्झौता अनुसार सातामा २ उडान हुनेछ। नेपालमा बैशाख २३ गते रातिदेखि अन्तर्राष्ट्रिय उडान स्थगन गरिएको थियो ।

हाल अन्तर्राष्ट्रिय तथा आन्तरिकतर्फ सीमित संख्यामा कार्गो तथा उद्धार उडान मात्रै भइरहेको छ। काठमाडौं उपत्यकाको निषेधाज्ञा जेठ १३ गतेसम्म कायम गरिएको छ । सरकारले कोभिड महामारी नियन्त्रणका लागि बैशाख १६ गतेदेखि उपत्यकासहित देशका विभिन्न स्थानमा निषेधाज्ञा लागू गरेको छ । निषेधाज्ञाको जारी अवधिमा पनि आन्तरिक र अन्तर्राष्ट्रिय दुबैमा उद्धार, चार्टर्ड तथा कार्गो उडान चाहिं भइरहेका छन् ।

# भद्रपुर नगरपालिकाद्वारा अस्पताललाई सहयोग

**भद्रपुर/** जिल्लामा कोरोना भाइरस संक्रमितसँगै भर्ना हुनेको संख्या बढ्दै गए पनि मेची अस्पतालमा जनशक्ति अभाव भएपछि कोभिड उपचार केन्द्रमा सेवा दिनेगरी भद्रपुर नगरपालिकाले ५ जना चिकित्साकर्मीको व्यवस्था गरिदिएको जनाइएको छ ।

जिल्लाका अन्य पालिकाले चिकित्सक सहितको संस्थागत आइसोलेशन व्यवस्था गरिरहेको बेला आफ्नै नगरपालिकामा भएको अस्पताललाई भद्रपुर नगरपालिकाले आफ्नो स्रोतबाट २ जना मेडिकल अफिसर, १ स्टाफ नर्स र २ हेल्थ असिस्टेन्टको व्यवस्था गरेको नगरप्रमुख जीवनकुमार श्रेष्ठले जनाएका हुन् ।

हालै अक्सिजन आवश्यक पर्ने बिरामीको संख्या निकै बढेकोले मेची अस्पतालमा अक्सिजन प्लान्ट समेत सञ्चालनका लागि भद्रपुर नगरपालिकाले सहयोग गर्ने र नगरपालिकाले नगरभित्रका गम्भीर अवस्थाका कोरोना संक्रमित बिरामी बोक्न एम्बुलेन्स समेत सञ्चालनमा ल्याएको बताइएको छ ।






**नेपालको संविधानमा मधेशीको अधिकार**

**नेपालको संविधानमा मधेशीको हक अधिकार देहाय बमोजिम व्यवस्था गरिएको छ ।**

- सामाजिक न्याय सुनिश्चित गर्ने राज्यको राजनीतिक उद्देश्य हुने ।
- आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने ।
- सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, वा अन्य कुनै आधारमा भेदभाव नगरिने ।
- सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका मधेशी लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्ने ।
- नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुने ।
- नेपालमा बसोबास गर्ने प्रत्येक नेपालीसमुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षणगर्ने हक हुने ।
- सामाजिक रूपले पछाडि परेका मधेशी समेतलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमासहभागी हुन पाउन सामाजिक न्यायको हक हुने ।
- समाजमा विद्यमान धर्म, प्रथा, परम्परा, रीति तथा संस्कारका नाममा हुने सबै प्रकारका विभेद, असमानता, शोषण र अन्यायको अन्त्य गर्ने ।
- मधेशीलाई आर्थिक, सामाजिक तथा सांस्कृतिक अवसर र लाभको समान वितरण तथा त्यस्ता समुदायभित्रका विपन्न नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने ।
- हरवा, चरवा, हलिया, भूमिहीन, सुकुम्बासीहरूको पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमीन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापना गर्ने ।
- उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण, विकास र आधारभूत आवश्यकता परिपूर्तिका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने ।
- सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिंग, क्षेत्र र समुदायभित्रका आर्थिक रूपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने ।
- समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिंदा समावेशी सिद्धान्तको आधारमा गर्ने ।
- संवैधानिक निकायको रुपमा नेपालमा एक मधेशी आयोग रहने ।
- नेपाली सेनामा मधेशी समेतको प्रवेश समानता र समावेशी सिद्धान्तको आधारमा गरिने ।
- नेपाली राजदूत र विशेष प्रतिनिधिसमावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।
- संवैधानिक अंग र निकायका पदमा समावेशी सिद्धान्तको आधारमा नियुक्ति गरिने ।

**नेपाल सरकार**
**कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग






प्रकाशक/प्रधान सम्पादक : **गोपाल गिरी** (९८४२६-५२८२७/९८०४९-७२१९९) । सल्लाहकार सम्पादक : तोया गड्तौला (९८५२६-७७६७७) । सम्पादक : **राजबाबु शंकर** (९८४२६-८००९७) ।
इमेल : samachar2072@gmail.com (लेख/समाचार र सुझाव आदिका लागि) गेटअप : सन्तोष शर्मा बजार प्रतिनिधि : सनतकुमार दाहाल पृथ्वीनगर सहयोगी : प्रदीप न्यौपाने मुद्रण : पोखरेल प्रिन्टिङ प्रेस, बिर्तामोड, झापा ।

## सम्पादकीय

# मानवीय संकट : सरकारी नीतिमाथि संगीन सवाल

कोभिड–१९ महामारीको दोस्रो लहरसम्म आइपुग्दा जनस्वास्थ्य नीति किन प्रभावी र सशक्त नियन्त्रणकारी हुन सकिरहेको छैन भन्ने सवाल यतिबेला संगीन बनेको छ । जब कुनै रोग एकाध व्यक्तिबाट समाजमा फैलन्छ, तब रोग नियन्त्रण प्रक्रिया जटिल हुन पुग्छ । र, त्यसबेलासम्म रोग नियन्त्रणका लागि अधिकतम साधन, स्रोत तथा विषयविज्ञको आवश्यकता पर्दछ । हाम्रो देशमा यतिबेला कोभिड–१९ को घातक दोस्रो लहरको गम्भीर असर समस्त जनजीवनदेखि लिएर राज्यको हरेक तहमा पुगेको छ । यसले आगामी दिनमा अझ जनधनको क्षति गर्ने दुरावस्था कायम छ । तर, यसको नियन्त्रणमा धेरै हदसम्म सरकारको कमी–कमजोरी प्रमुख कारक तत्व रहेकोमा किञ्चित दुईमत हुन सक्दैन ।

गत वर्षदेखि हालसम्म अर्थात् १ वर्षसम्म सरकारले किन सरूवा रोग नीति निर्माण प्रक्रियामा लापर्वाही बर्तियो ? जनस्वास्थ्यमा यतिविघ्न हेलचेक्रयाइँ किन गरिरहेछ ? महामारी नियन्त्रणका लागि यो अवधिमा किन पूर्वतयारीस्वरूप स्वास्थ्य कार्यकर्ताहरूलाई तालिम दिएन ? किन विषयविज्ञहरूलाई रोग नियन्त्रणको कमाण्ड सम्हाल्न जिम्मेवारी सुम्पिएन ? किन आवश्यक स्वास्थ्य सामग्रीहरूको जगेडा बेलैमा गर्न गम्भीर भएन ? अस्पताल लगायत आइसोलेशन, क्वारेन्टिन र चिकित्साकर्मीहरूको क्षमता र संख्या विस्तार गर्न किन बेवास्ता गरिरह्यो ? यी लगायत अरू पनि धेरै गम्भीर प्रश्न सरकार र उसका निकायमाथि खडा भएको छ ।

अहिले आएर पनि गत वर्षकै समस्याहरू बहाल छन् । स्वास्थ्य संस्थाहरूमा अपुग कर्मचारी, अस्पतालमा शैया र अत्यावश्यक स्वास्थ्य सामग्रीहरूको चरम अभाव, स्वास्थ्यकर्मीको अभावका बीच तिनलाई जोखिम भत्ता नदिनु, महामारीका बीचमा सेवा प्रदान गर्ने सम्पूर्ण पेशाकर्मीको समुचित मूल्यांकन नहुनु जस्ता गत सालकै समस्याहरू दोहोरिएका छन् । महामारी विरूद्ध अग्रमोर्चामा सेवारत् तमाम पेशाकर्मीहरूको मनोबल उच्च राख्न सरकार र उसका निकायहरू अझै चुकिरहेका छँदैछन् ! बरू पहिलो प्राथमिकतामा राख्नुपर्ने यस्ता समस्यामा खेदजन्य बेपर्वाह बन्दै सरकारका मान्छेहरू अनाहक राजनैतिक खिचातानीमा व्यस्त रहेका छन् ! छँदाखाँदाको सरकार आफै ढाल्ने र फेरि त्यही अकर्मण्यताको विरासत बोकेको अर्को सरकार बनाउने राजनीतिक गुण्डागर्दीमा मात्रै उद्यत सरकारहरूले नै जनतालाई यो महामारीमा दुर्दान्त दुःख–पीडा दिइरहेका छन् । राजनैतिक इमान्दारी र न्यूनतम मानवीय संवेदना विहीनताको शर्मनाक लाचारी देखाइरहेको यो सरकार र त्यसैको पिठ्ठुसदृश विपक्षी दलहरूका कारण नै आजसम्म आइपुग्दा देश र जनताको दुर्गतिका दिन जारी नै रहेको हो ।

महामारीले गाँजिसक्दा हालसम्म स्वास्थ्य संकटकाल घोषणा गरिएको छैन । चिकित्सक संघले नै त्यो घोषणा गर्न जरूरी रहेको सिद्ध गरिसकेको छ । सम्पूर्ण रूपमा अवस्था पनि चरम संकटपूर्ण देखिइसकेको छ । राजधानीकै अस्पतालमा अक्सिजन नपाएर बिरामी मर्ने, संक्रमितहरूले अस्पतालहरूमा बेड नपाउने, अस्पतालले बिरामी लिन नमान्ने वा भर्ना भएकासँग लाखौं असुल्ने डकैत कतिपय अस्पताल सञ्चालकले अक्सिजन छैन भनेर बिरामीलाई अन्यत्र लैजान भन्ने अवस्था महासंकट नभएर के हो ? तर, निर्लज्ज प्रधानमन्त्री भनिरहेका छन्– 'अस्पतालहरूमा बेडको अभाव छैन ।' यसरी नांगो सत्यमा जबर्जस्ती पर्दा हाल्नुको अर्थ जनतालाई मृत्युको मुखमा धकेल्नु भएन ? यस्तो सरासर झुटो बोल्ने र भ्रम फैलाउने काम संक्रामक रोग सम्बन्धी ऐनको पनि बर्खिलाप हो/होइन ? यस्तो घोर गैरजिम्मेवार बयान राष्ट्रद्रोह हो/होइन ? यथार्थ लुकाउने सरकारी पाखण्डीपन खेदजन्य र निन्दनीय छ ।

यो पनि होइन कि, देशभित्र कोरोना संक्रमितको उपचारका लागि आवश्यक साधन–स्रोतको अभाव छ । अभावले हुँदै होइन, सरकारमा गजधम्मिएका कुपात्रहरूको परपीडक स्वभावका कारण चाहिं हो । राज्यको ढिकुटीमा महामारी नियन्त्रण गर्न पर्याप्त रकम छ । थप विदेशी राष्ट्र र संस्थाहरूले पनि भरपूर सहयोग गरिरहेकै छन् । साथै, स्वदेशकै पनि मनकारीहरूले यथाशक्य नगद र जिन्सी सहयोग उल्लेख्य रूपमा गरिरहेकै छन् भने विदेशमा रहेका नेपाली र नेपाललाई माया गर्ने समुदायले पनि मानवीय संकटको यो बेला महामारीबाट पीडित वर्गको प्राणरक्षक सहयोग जारी राखेका छन् । नपुग र आवश्यक के मात्रै हो भने, अब सबैभन्दा पहिले सरकारको इमान्दारीको । यत्ति चेत नराख्नेहरू प्रकारान्तरले पछुताउने छन्, अन्ततः निश्चित रूपमा बढारिने छन्; हेक्का रहोस् !

# ७० वर्षमा ५१ सरकार : गणतन्त्र स्थापनापछि सबैभन्दा बढी अस्थिरता

■ दिलीपप्रकाश कार्की

२००७ सालपछि २०७७ सालसम्म ७० वर्षको अवधिमा मुलुकमा ५१ शासकहरू फेरिए । शासक मात्र फेरिएनन्, कैयौं पटक शासन प्रणाली समेत फेरिएका छन् । अस्थिर राजनीतिलाई स्थिरतातर्फ लैजाने र स्थायित्व कायम गर्ने प्रतिबद्धता सहित नेपालका शासकहरूले २००४ सालपछि ७० वर्षको अवधिमा ७ वटा संविधानहरू फेरेका छन् । तर, मुलुकमा अझै स्थायित्व र शासकहरूले आश्वासन दिएजस्तो स्थायित्व, विकास र समृद्धि भने नारामै सीमित छ ।

जनतालाई भ्रमित पार्नका लागि राणा प्रधानमन्त्री पद्म शमशेरले २००४ सालमा नेपाल सरकारको वैधानिक कानून २००४ लागू गरे । प्रजातन्त्र पक्षधर आन्दोलनहरू चर्किंदै गयो र उक्त आन्दोलनलाई सघाउन राजा त्रिभुवन पनि दिल्ली गएपछि दिल्लीमा २००७ साल फागुन १ गते तत्कालीन भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरूको मध्यस्थतामा राणा, नेपाली कांग्रेस र राजा त्रिभुवनबीच 'त्रिपक्षीय दिल्ली सम्झौता' भयो । उक्त सम्झौतापछि नेपालमा प्रजातन्त्रको स्थापना भयो र फागुन ४ गते राजा त्रिभुवन स्वदेश फर्किए । राजा त्रिभुवन नै भए भने प्रधानमन्त्री मोहन शमशेर नै रहने उक्त त्रिपक्षीय सम्झौताको डा.केआई सिंहले विरोध गरेका थिए । मोहन शमशेर २००८ सालको कात्तिक २६ सम्म सत्तामा रहे ।

२००८ साल मंसीर १ गते नेपालको पहिलो नागरिक प्रधानमन्त्री बने- २००७ सालको क्रान्तिका योद्धा मातृकाप्रसाद कोइराला । मातृका प्रधानमन्त्री भइसकेपछि नेपाली कांग्रसभित्र आन्तरिक कलह शुरु भयो । कांग्रेसभित्र प्रधानमन्त्री ठूलो कि पार्टी सभापति भन्ने विवादको सिर्जना भयो । उक्त विवादकै बीच अन्ततः पार्टी फुटमा पुग्यो र मातृकाले २००९ साल साउन २६ गते प्रधानमन्त्री पदबाट राजीनामा दिए । मातृकाको राजीनामापछि राजा त्रिभुवनले नै सत्ता सम्हाले ।

२०१० साल असार २ गते फेरि राजा त्रिभुवनले मातृकालाई नै प्रधानमन्त्रीमा नियुक्त गरे । राजा त्रिभुवनको देहान्तपछि राजा महेन्द्रले राजगद्दी सम्हालिरहँदा मातृकाले २०१२ साल बैशाख ११ गते राजीनामा दिए । फेरि मुलुकमा राजा महेन्द्र नै सत्ता सम्हाले । उनले २०१२ साल माघ १२ गते टंकप्रसाद आचार्यलाई प्रधानमन्त्री बनाए पनि उनले २०१४ साल असार ३१ गते राजीनामा दिए । २०१४ साल साउन ११ गते प्रधानमन्त्री बनेका डा.केआई सिंहले पनि ३ महिनापछि कात्तिक २९ गते राजीनामा दिए र सुवर्ण शमशेर प्रधानमन्त्री बने । सुवर्णले मुलुकमा पहिलो चुनाव गराएपछि पहिलो जननिर्वाचित प्रधानमन्त्री बीपी कोइराला बने । बीपीले २०१६ सालको जेठ १३ गते सत्ता सम्हाले र एकाएक २०१७ साल पूस १ गते राजा महेन्द्रले 'कू' गरेपछि प्रजातन्त्रको अवसान भयो ।

**पञ्चायतकाल : ३० वर्षमा १३ प्रधानमन्त्री**

२००७ देखि २०१७ सालसम्म ७ जना प्रधानमन्त्री भए । तर, लामो समय कसैले पनि सत्ता सम्हाल्न सकेनन् । राजा महेन्द्रको 'कू' पछि राजनीतिक दलहरूमाथि प्रतिबन्ध लगाइयो र राजाले चाहेको व्यक्ति नै प्रधानमन्त्रीमा नियुक्त भए । २०१७ देखि २०४७ सालसम्म १३ जना प्रधानमन्त्री बने । पहिलो प्रधानमन्त्री तुलसी गिरी बनाइए । यसबीचमा तुलसी गिरी र सूर्यबहादुर थापा ३-३ पटक र कीर्तिनिधि बिष्ट, नगेन्द्रप्रसाद रिजाल र लोकेन्द्रबहादुर चन्द २-२ पटक प्रधानमन्त्री बने । सबैभन्दा लामो कार्यकाल ५ वर्ष २०२५ चैत २५ देखि २०३० साल साउन १ गतेसम्म कीर्तिनिधि बिष्टले सम्हाले ।

गिरी २०१९ चैत २० देखि २०२० साल पूस ८ गतेसम्म प्रधानमन्त्री रहे भने २०२० पूस ८ देखि २०२० फागुन १४ गतेसम्मका लागि सूर्यबहादुर थापा रहे । सोही दिन फेरि राजा महेन्द्रले तुलसी गिरीलाई प्रधानमन्त्रीमा नियुक्त गरे । दोस्रो पटक प्रधानमन्त्री बनेका गिरी २०२१ माघ १३ गतेसम्म प्रधानमन्त्री रहे ।

वि.सं. २०२५ असोज १० गतेदेखि २०२५ साल चैत २० गतेसम्म सूर्यबहादुर थापा मुलुकको प्रधानमन्त्री बन्दा २०२५ चैत २५ देखि कीर्तिनिधि बिष्ट २०३० साउन १ गतेसम्मका लागि प्रधानमन्त्री भए । राजा महेन्द्रको निधनपछि गेहेन्द्रबहादुर राजभण्डारीले कार्यकारीको रूपमा सत्ता सम्हालेका थिए । त्यसपछि क्रमशः नगेन्द्रप्रसाद रिजाल (२०३० साउन १–२०३२ मंसीर १५), तुलसी गिरी (२०३२ मंसीर १५–२०३४ भदौ २७), कीर्तिनिधि बिष्ट (२०३४ भदौ २७–२०३६ जेठ १६), सूर्यबहादुर थापा (२०३६ जेठ १६–२०४० असार २९), लोकेन्द्रबहादुर चन्द (२०४० असार २९–२०४२ चैत ७), नगेन्द्रप्रसाद रिजाल (२०४२ चैत ७–२०४३ असार २), मरिचमान सिंह श्रेष्ठ (२०४३ असार २–२०४६ चैत २४), लोकेन्द्रबहादुर चन्द (२०४६ चैत २४–२०४७ बैशाख ६) सम्म प्रधानमन्त्री भएका थिए ।

**प्रजातन्त्र पुनर्स्थापना : १८ वर्षमा १४ प्रधानमन्त्री**

२०१७ सालमा राजा महेन्द्रले स्थापना गरेको निर्दलीय पञ्चायती व्यवस्था अन्त्यका लागि पटक-पटक भएका आन्दोलनले २०४६ साल चैत २६ गते सफलता प्राप्त गरेको थियो । सो जनआन्दोलन नेपालमा बहुदलीय व्यवस्थाका लागि भएको थियो । २०४६ साल फागुन ७ देखि चैत्र २६ गतेसम्म चलेको जनआन्दोलनको चैत्र २६ गते राजा वीरेन्द्रबाट निर्दलीय पञ्चायती व्यवस्थाको अन्त्य र प्रजातन्त्रको पुनबर्हाली भएको थियो ।

२०४७ देखि २०६५ सालसम्म १४ प्रधानमन्त्रीहरू भए । प्रजातन्त्र पुनर्स्थापनापछि सन्त नेता कृष्णप्रसाद भट्टराई पहिलो पटक २०४७ बैशाखदेखि २०४८ साल जेठ १२ गतेसम्म प्रधानमन्त्री भएका थिए । मुलुकमा प्रजातन्त्र पुनर्स्थापनापछिको पहिलो चुनाव गराएपछि पनि उनी नै २०४८ जेठ १२ देखि २०५१ मंसीर १४ सम्म प्रधानमन्त्री रहेका थिए ।

त्यसपछि फेरि कांग्रेसभित्रको कलहका कारण गिरिजाप्रसाद कोइरालाले संसद् विघटन गरेपछि नेकपा एमालेको नेतृत्वमा प्रधानमन्त्री मनमोहन अधिकारी बने । उनी २०५१ मंसीर १४ देखि २०५२ साल भदौ २७ गतेसम्म प्रधानमन्त्री रहे भने पार्टीभित्रैबाट समस्या सिर्जना गरिएपछि उनले संसद् विघटन गरेका थिए ।

त्यसपछि राजा वीरेन्द्रले नेपाली कांग्रेसका नेता शेरबहादुर देउपालाई प्रधानमन्त्रीमा नियुक्त गरेका थिए । (प्रधानमन्त्री नियुक्त भएपछि उनी देउवा बनेका थिए) पहिलो पटक २०५२ साल भदौ २७ देखि २०५३ साल फागुन २९ गतेसम्म उनी प्रधानमन्त्री रहे । २०५३ फागुन २९ देखि २०५४ साल असोज २१ गतेसम्म लोकेन्द्रबहादुर चन्द तेस्रो पटक प्रधानमन्त्री बनाइए भने २०५४ असोज २१ देखि २०५५ साल बैशाख २ गतेसम्म सूर्यबहादुर थापा प्रधानमन्त्री बनेका थिए ।

२०५५ साल बैशाख २ गते चुनाव गराउनका लागि दोस्रो पटक गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री भए । २०५६ सालमा भएको आम चुनावमा नेपाली कांग्रेसको बहुमत आयो । तर, २०५६ साल जेठ १७ गते चुनावी सरकारका प्रधानमन्त्री गिरिजाप्रसादले राजीनामा दिए भने कांग्रेसबाट कृष्णप्रसाद भट्टराई दोस्रो पटक प्रधानमन्त्री बने ।

तर, उनलाई गिरिजाप्रसादले नै तिकडम गरेर अपदस्थ गरे र २०५६ चैत ९ गते फेरि आफू प्रधानमन्त्री बने । कोइराला २०५८ साल साउन ११ गतेसम्मका लागि प्रधानमन्त्री बनेका थिए । तर, २०५८ सालको जेठ १९ गते राति राजा वीरेन्द्र लगायत राजपरिवारको हत्या गरिएपछि ज्ञानेन्द्रले राजगद्दी सम्हालेका थिए । राजा वीरेन्द्रको हत्यापछि नै राजनीतिक अस्थिरता बढेको थियो ।

त्यसपछि २०५८ साल साउन ११ गते दोस्रो कार्यकालका लागि प्रधानमन्त्री बनेका शेरबहादुर देउवाले २०५९ साल असोज १८ गते संसद् विघटन गरेका थिए । संसद् विघटनपछि ७ दिन राजा ज्ञानेन्द्रले शासन सञ्चालन गरेपछि २०५९ असोज १८ देखि २०५९ साल असोज २५ गते लोकेन्द्रबहादुर चन्दलाई प्रधानमन्त्रीमा नियुक्त गरेका थिए । २०६० साल जेठ २२ गते चन्दलाई हटाएर राजा ज्ञानेन्द्रले फेरि सूर्यबहादुर थापालाई प्रधानमन्त्री बनाएका थिए । २०६० जेठ २२ गते प्रधानमन्त्रीमा नियुक्त थापा २०६१ साल जेठ २१ गतेसम्म प्रधानमन्त्री रहे ।

राजनीतिक अस्थिरता बढेपछि चुनाव गराउनका लागि राजा ज्ञानेन्द्रले शेरबहादुर देउवालाई नै २०६१ जेठ २१ गते फेरि प्रधानमन्त्री बनाएका थिए । तर, चुनाव गराउन नसकेपछि राजा ज्ञानेन्द्रले देउवालाई 'अक्षम' करार गर्दै नजरबन्दमा राखेर २०६१ साल माघ १९ गते प्रत्यक्ष शासन हातमा लिएका थिए । २०६३ साल बैशाख १२ गतेसम्म राजा ज्ञानेन्द्रले प्रत्यक्ष शासन चलाए ।

त्यसैबीच सशस्त्र युद्ध गरिरहेको नेकपा माओवादी र आन्दोलनरत् ७ राजनीतिक दलहरूबीच २०६२ सालको फागुनमा इण्डियाको मध्यस्थतामा नयाँ दिल्लीमा वार्तापछि १२ बुँदे सहमति गरियो । त्यसपछि अन्य राजनीतिक दलसँगै माओवादीले पनि हतियार बिसाएर शान्तिपूर्ण जनआन्दोलनमा सहभागी भयो । उक्त आन्दोलनको नेतृत्व नेपाली कांग्रेसले लिएको थियो । तत्पश्चात् तिनै सहमति गरेका दलहरूले २०६२ चैत २२ देखि आन्दोलन थाले । २०६३ साल बैशाख ११ सम्म भएको त्यो १९ दिने जनआन्दोलनका बीच ८ गते राजा ज्ञानेन्द्रले 'जनताको नासो जनतामा नै फिर्ता गरेको' घोषणा गरे पनि आन्दोलन मत्थर भएन । त्यसपछि बैशाख ११ गतेको सम्बोधनमा ७ राजनीतिक दलको मार्गचित्र बमोजिम विघटित संसद् पुनर्स्थापित गरेको घोषणा गरेपछि मात्र आन्दोलनले विश्राम लियो र लोकतन्त्रको स्थापना भयो । त्यसपछि २०६३ बैशाख १२ गते गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा संविधानसभाको चुनावका लागि चुनावी सरकार बनेको थियो ।

**संघीय लोकतान्त्रिक गणतन्त्र : १२ वर्षमा ११ सरकार–प्रमुख**

२०६५ सालको जेठ १५ गतेको संविधानसभा बैठकले नेपाललाई 'संघीय लोकतान्त्रिक गणतन्त्र' घोषणा गऱ्यो । त्यसपछि गणतान्त्रिक नेपालका प्रथम राष्ट्रपतिका रूपमा डा.रामवरण यादव र उपराष्ट्रपतिमा परमानन्द झा चुनिए । गणतन्त्र स्थापनापछि हालसम्म १२ वर्ष पूरा भएको छ । यसबीचमा ११ जनाले सरकारको नेतृत्व गरेका छन् ।

२०६५ जेठ १५ मा गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री बने । २०६४ सालमा भएको चुनावपछि नेपाल कम्युनिस्ट पार्टी (माओवादी) ठूलो दल बन्दा सोही दलका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' २०६५ भदौ २ गते प्रधानमन्त्री बने । उनले आफ्नो आदेश नमानेको आरोपमा ३ महिना मात्र कार्यकाल बाँकी रहेका तत्कालीन प्रधानसेनापति रुक्मांगत कटुवाललाई बर्खास्त गर्न राष्ट्रपति समक्ष सिफारिश गरे पनि विपक्षी कांग्रेस र प्रचण्डकै सरकारमा सामेल एमाले सहितका दलले राष्ट्रपति यादवसमक्ष सरकारी निर्णय उल्टयाउन माग गर्दै निवेदन दिएपछि कटुवालकै पुनर्बहाली भयो । सो नाटकीय प्रधानसेनापतिको पुनर्बहालीपछि प्रचण्डले २०६६ साल जेठ ११ गते राजीनामा दिए । संविधान बनाउने म्याण्डेटप्राप्त सरकार–प्रमुखले राजीनामा दिएपछि संविधानसभा सदस्य समेत

बाँकी ८ पृष्ठमा

# मानवता रित्तिएको 'एक थान सरकार'

■ उपेन्द्र लामिछाने

कोरोना संक्रमित बढ्दै गर्दा अक्सिजनको चरम अभाव छ । काठमाडौं उपत्यकाका निजी अस्पतालले अक्सिजनको अभाव रहेको भन्दै कोरोना संक्रमितलाई भर्ना गर्न नसकिने जनाउँदै छन् । समृद्धिको नारा दिएर शासन गर्दै आएको सरकार एक थान सिलिण्डर समेत उपलब्ध गराउन नसक्ने अवस्थामा पुगेको छ !

एकातिर सिलिण्डरमा मानवता रित्तिएको छ, अर्कोतिर सरकार हावा रित्तिएको सिलिण्डरजस्तो निर्जीव बनेको छ । 'हजार कदम हिंड्ने कुरा गर्नुभन्दा एक कदम चालेको राम्रो' भन्ने भनाइबाट सरकार पूरै चुकेको छ । उसले समृद्धिको गफ त हजारौं माइलको दियो; तर अक्सिजनको अभावमा छट्पटाइरहेका बिरामीलाई एक मुठ्ठी सास दिन एक पाइलो सार्न सकेन ।

उसले भीमकाय आयोजनाहरूका शिलान्यास त गऱ्यो, तर जनताको मनमा आफू अटाउने सानो घर बनाउन सकेन । उसले ज्येष्ठ नागरिकको खातामा केही थान भत्ता त हालिदियो, तर जीवनको महत्वपूर्ण समयमा एक मुठ्ठी सास दिन सकेन ।

मुलुकको यस्तै अवस्था र अक्सिजनको अभावमा छट्पटाइरहेका बिरामीको क्रन्दनलाई लिएर कवि अर्जुन पराजुलीले लेखेको कविता यतिबेला सामाजिक सञ्जालमा भाइरल बनेको छ । 'समृद्धिका सबै कुरा छाडेर एक थान सिलिण्डर माग गरेको' त्यो कविताले सारा नेपालीहरूको भावनालाई समेटेको छ । यसर्थ पनि अहिले अक्सिजनको सिलिण्डरसँगै व्यंग्यकवि अर्जुन पराजुलीको कविता पनि समान रूपमा अघि आएको छ ।

कविताको शुरुवातमा कविले 'पानीजहाज, चुच्चे रेल, स्मार्ट सिटी सबै लैजा' भन्दै त्यसको बदलामा जीवनको लागि एक थान भरोसा मागेका छन् । पानीजहाज ल्याउने सपना र स्मार्टसिटी भन्दा जीवन जिउने रहर निकै महत्वपूर्ण रहेको सत्यलाई कविले सरकारसँग अहिलेको पहिलो र अनिवार्य ' एक थान जिम्मेवारी' पूरा गर्न माग गरेका छन् ।

त्यतिले पनि पुगेन भने तैले गरेका उद्घाटन, शिलान्यास र पाइप-पाइपबाट ल्याउने भनेको ग्यास लैजा भन्दै कविले झुटा बाचाभन्दा एक थान सत्य मागेका छन् ।

मुलुकको हालतमा कवि भावुक बनेका छन् । अन्त्यमा उनले निकै ठूलो पीडा पोखेका छन् । 'बाको हातको औंठी र आमाको गलाको तिलहरी लैजा सरकार' भन्दै उनले यी सबैको बदला एक थान सिलिण्डर मागेका छन् ।

सरकार, आशा, भरोसा र विश्वासको प्रतीक हुनुपर्ने । ऊ आपत्को समयमा जनताको साथ रहेर सर्वसाधारणको जीवन जोगाउन लागिपर्नु पर्ने । तर, त्यसो हुन सकिरहेको छैन । विश्वासको अभावमा ऊ आफै हावा रित्तिएको एक थान रित्तो सरकार बन्न पुगेको छ ।

*- साभार : नागरिकनेटवर्क*

## छोटकरी समाचार

### बुधबारे जेसीजद्वारा मास्क र सेनिटाइजर

**बुधबारे/** झापाको बुधबारे जेसीजले कोरोना कहरका बीच शान्ति-सुरक्षामा खटिने प्रहरीलाई मास्क र सेनिटाइजर प्रदान गरेको छ ।

जेसीजको 'मानवताको सेवा नै जीवनको सर्वोत्तम कार्य हो' भन्ने मूलोद्देश्यलाई आत्मसात गर्दै दिनरात जनताको सुरक्षामा खटिने प्रहरीलाई स्वास्थ्य सतर्कता अपनाउन बैशाख ३१ गते ती सामग्री प्रदान गरिएको सो जेसीजका अध्यक्ष अनिल वाग्लेले बताएका हुन् ।

कार्यक्रम संयोजक कोषाध्यक्ष मुकेश भट्टराईले इलाका प्रहरी कार्यालय-बुधबारेका प्रमुख निराजन कटवाललाई ती सामग्रीहरू प्रदान गरेको जनाइएको छ ।

**रक्तदान कार्यक्रम**

साथै, कोरोना कहरका बीच झापामा देखिएको रगत अभावको समस्यालाई मध्यनजर गर्दै बुधबारे जेसीज र बुद्धशान्ति उद्योग वाणिज्य संघको संयुक्त पहलमा रक्तदान कार्यक्रम पनि सम्पन्न भएको छ ।

संघका अध्यक्ष चन्द्र उप्रेतीका अनुसार, नेपाल रेडक्रस सोसाइटी झापा जिल्ला शाखाको प्राविधिक सहयोग रहेको सो रक्तदान कार्यक्रममा २६ जनाले रक्तदान गरेको कार्यक्रम संयोजक अग्नेष दाहालले जानकारी दिए ।

### 'रेड अलर्ट' घोषणा

**काठमाडौं/** कोभिड-१९ को संक्रमण औधि बढेपछि देशको स्वास्थ्य संस्थाले थेग्न नसक्ने भन्दै नेपाल चिकित्सक संघले देशभर 'रेड अलर्ट' घोषणा गरेको छ ।

संघले बैशाख २९ गते एक अपील जारी गर्दै कोभिड-१९ को महामारीको जालोलाई तोड्नका लागि 'रेड अलर्ट' घोषणा गरेको हो । अध्यक्ष डा.लोचन कार्की र महासचिव डा.बद्री रिजालद्वारा जारी सो अपीलमा चिकित्सक, नर्स एवम् तमाम स्वास्थ्यकर्मीहरू फिल्डमा अग्र भागमा रहेर काम गरिरहेका छौं र गरिरहने प्रतिबद्धता व्यक्त गरिएको छ भने राष्ट्रपति, प्रधानमन्त्री, सम्पूर्ण राजनीतिक दलहरू, नागरिक समाज समेतलाई सम्बोधन गरिएको छ ।

### कोरोना रहुञ्जेल सबै उद्योग-व्यवसायको कर मिनाहा

**काठमाडौं/** उपत्यकाको धुलिखेल नगरपालिकाले कोराना भाइरस संक्रमणको जोखिम रहुञ्जेल सबै किसिमका व्यापार व्यवसाय र उद्योगले तिर्नुपर्ने कर मिनाहा गर्ने भएको छ ।

सो नगरपालिकाले गत वर्ष पनि कोरोना संक्रमणको पहिलो चरणमा बन्दाबन्दी हुँदाको व्यवसाय कर मिनाहा गरेको थियो । धुलिखेल नगरपालिका प्रमुख अशोक ब्याञ्जु श्रेष्ठले-होटल, उद्योग, व्यापार तथा पर्यटन व्यवसायले धुलिखेललाई महत्वपूर्ण योगदान दिएको भन्दै कोरोनाका कारण अप्ठ्यारोमा परेका व्यवसायीहरूलाई कर छुट दिने निर्णय गरेको बताएका छन् ।

### यस्ता मनकारी हाम्रै देशमा छन्

**भद्रपुर/** जावलाखेल ग्रुप अफ् इण्डष्ट्रिज (काठमाडौं) का संस्थापक-अध्यक्ष एवम् नेपालको सबैभन्दा ठूला व्यक्तिगत करदाता विजयकुमार शाहले कोभिड बिरामीको उपचार सहज होस् भनेर धुलिखेल अस्पतालको आईसीयु र अक्सिजन सप्लाई प्रणाली उपकरणका लागि १ करोड ३५ लाख रुपैयाँ प्रदान गरेका छन् ।

### मनाइलो इद-उल-फित्र

इस्लाम धर्मावलम्बीहरूको महान पर्व 'इद-उल-फित्र' बैशाख ३१ गते तमाम मुसलमानहरूले धुमधामसँग



मनाए । यो पर्वमा मुस्लिमहरू १ महिनासम्मको रोजा (उपवास) पछि सो अन्तिम दिन एकापसमा खुशियाली साटासाट गर्ने गर्दछन् । उर्दू क्यालेण्डर अनुसार हिजरी सम्बत् १४४२ हो भने रमजान महिना नवौं महिना हो । रमजान महिनामा नै मुसलमानको सबैभन्दा ठूलो ग्रन्थ 'कुरान' अवतरण भएको मानिनुका साथै अल्लाहको कृपा प्राप्त हुने विश्वास गरिन्छ ।

# अन्ततः जिल्लिए प्रचण्ड र देउवा

# पुनः ओली नै प्रधानमन्त्री

**भद्रपुर/** विपक्षी दलहरू प्रधानमन्त्री केपी ओलीको विकल्प दिन असफल भएपछि अन्ततः उनी नै प्रधानमन्त्री भएका छन् ।

प्रधानमन्त्री ओलीद्वारा पूस ५ गते विघटित प्रतिनिधिसभा फागुन ११ गते पुनर्स्थापित भएयता वैकल्पिक सरकार निर्माणको प्रयास भए पनि अन्ततः बैशाख ३० गते असफल हुन पुगेको हो ।

आफैले संसद्को विशेष अधिवेशन बोलाए बैशाख २७ गते प्रतिनिधिसभामा विश्वासको मत लिन ओली विफल भए पनि नेपाली कांग्रेस-माओवादी केन्द्रको गठबन्धन पनि विकल्प दिन असफल भएका हुन् । संविधानको धारा- १०० बमोजिम विश्वासको मत लिन बैशाख २७ गते बोलाइएको प्रतिनिधिसभाको बैठकमा भएको मतदानमा ओलीको विपक्षमा १२४ जना सांसद उभिए ।

प्रधानमन्त्रीको दल नेकपा एमालेका १२१ सांसद भए पनि माधव नेपाल-झलनाथ खनाल समूहका सांसदहरू बैठकमा अनुपस्थित थिए । ओलीका पक्षमा ९३ मत मात्र परेको हुनाले उनले प्रस्तुत गरेको प्रस्ताव असफल भएको सभामुख अग्नि सापकोटाले घोषणा गरेका थिए ।

ओलीले विश्वासको मत गुमाएर स्वतः पदमुक्त भएपछि राष्ट्रपति विद्यादेवी भण्डारीले सोही दिन संविधानको धारा- ७६ को उपधारा- २ अनुसार २ वा २ भन्दा बढी दललाई बहुमतको सरकार बनाउन बैशाख ३० गते, राति ९ बजेसम्मको समय दिएकी थिइन् ।

अब नेकपा एमालेका अध्यक्ष केपी ओली धारा- ७६ (३) अनुसार प्रतिनिधिसभाको सबैभन्दा ठूलो दलको संसदीय दलका नेताका रूपमा अल्पमतको सरकारको प्रधानमन्त्री बनेका छन् । अब उनले १ महिनाभित्र संसद्मा बहुमत साबित गर्नुपर्ने छ ।

बैशाख २७ गते प्रतिनिधिसभामा विश्वासको मत गुमाएसँगै ७० वर्षीय ओली प्रधानमन्त्री पदबाट स्वतः मुक्त भएका थिए । उनी यसअघि २०७४ सालको फागुन ३ मा माओवादी केन्द्रको समर्थनमा र त्यस अघि २०७२ सालमा संविधानसभाबाट नयाँ संविधान जारी भएपछि पहिलो पटक प्रधानमन्त्री भएका थिए ।

राष्ट्रपतिले दिएको समयसीमाभित्र कांग्रेस-माओवादी दावीविहीन भएपछि ओलीलाई पुनः यो मौका मिलेको हो । राजपा.का महन्थ ठाकुर पक्षसँग तटस्थ रहने बाहेक बहुमतको सरकार दावी गर्ने हैसियत नभएको, माधव नेपाल समूहले सामूहिक राजीनामा नगरेको र जसपाको महन्थ ठाकुर पक्षका सांसदहरूलाई भक्तपुरको रिसोर्टमा थुनिएपछि प्रचण्ड (माओवादी केन्द्र) एवम् जसपा.का बाबुराम भट्टराई र उपेन्द्र यादवको पुठमा प्रधानमन्त्री बन्न खुट्टा उचालेका कांग्रेसका सभापति एवम् मुख्य विपक्षी दलका शीर्ष नेता शेरबहादुर देउवा चित् खाएका हुन् ।

ओली विरोधी खेमाले बहुमत जुटाउन नसकेपछि ओली नै पुनः प्रधानमन्त्री बन्ने बाटो खुलेको हो । २ वा २ भन्दा बढी दलहरूले बहुमत सिद्ध गर्न नसके ठूलो दलको नेतालाई प्रधानमन्त्री बनाइने संविधानको धारा- ७६ (३) मा प्रावधान छ ।

प्रधानमन्त्री ओलीले पार्टीको स्थायी



समिति बैठकबाट ६ महिनाका लागि पार्टी सदस्य समेत नरहने गरी कारबाहीमा परेका माधव नेपाल, भीम रावल, सुरेन्द्र पाण्डे र घनश्याम भुसालको कारबाही फुकुवा गरेपछि सोही दिन ४ बजे नेपालपक्षीय २८ सांसदको राजीनामा आउने अल्टिमेटम दिएका नेपालसँग ओलीले ६ बजेसम्म छलफल गरेर पासा पल्टाइदिए । अनि नेपालको पनि भर परेर प्रधानमन्त्री बन्ने देउवाको सपना सकियो ।

प्रधानमन्त्री ओली विरुद्ध गत फागुन ११ गते यता अविश्वासको प्रस्ताव ल्याउन विपक्षी दलबीच विमर्श भयो । देउवाले तत्कालीन नेकपाको आधिकारिकता खोज्लै गर्दा फागुन २३ गते सर्वोच्च अदालतले एमाले र माओवादी केन्द्रलाई ब्युँताइदिएपछि मात्र देउवा सरकार बनाउने कसरतमा लागेका थिए । सरकार बनाउन देउवालाई माओवादी केन्द्र र जसपा.को साथ अनिवार्य थियो । माओवादी केन्द्र देउवा नेतृत्वमा सरकार बनाउन तयार भए पनि जसपाका ठाकुर र महतो पक्षले ओलीसँग निकटता बढाए । उपेन्द्र र बाबुराम पक्ष वैकल्पिक सरकारको पक्षमा देखिए पनि तथा देउवा र कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले ठाकुरसँग छलफल गरे पनि ठाकुर र महतोले ओलीकै निरन्तरताप्रति रुचि देखाउँदा परिणाम ओली पक्षमै गयो ।

**ओली साम् नेपाल पक्षको १ महिने अल्टिमेटम : नमाने अहिलेकै 'खेल' !**

एमालेमा माधवकुमार नेपाल पक्षले राजीनामा नगरेर पार्टीभित्रको विवाद मिलाउन पार्टी अध्यक्ष एवम् प्रधानमन्त्री केपी ओलीलाई १ महिनाको समय दिएको छ । ३० गते नै ओलीसँग चपली हाइटमा झण्डै ४ घण्टा भएको वार्तापछि नेता नेपालले भनेका छन्- अब ओलीले गत फागुन २८ गते गरेको निर्णय फिर्ता गर्ने र पार्टीलाई २०७५ साल जेठ २ गतेकै (२०७५ साल जेठ ३ गते एमाले र माओवादी केन्द्र बीच एकीकरण हुनुपूर्वको) अवस्थामा फर्काउन अब विभिन्न तहमा छलफल हुने छ ।

माधव-झलनाथ खेमाले सांसद पदबाट राजीनामा नगरेपछि ओलीको तत्कालको समस्या टरेको छ । तर, प्रधानमन्त्री ओलीको खड्गो भने टरेको छैन । अबको महिना दिनभित्र उनले संसद्मा विश्वासको मत लिन बाँकी नै छ । त्यतिखेर विश्वासको मत पाएनन् भने उनी फेरि पदमुक्त हुनेछन् । यी ३० दिनमा माधव खेमाले आफ्ना माग पूरा गर्न पार्टी अध्यक्ष एवम् प्रधानमन्त्री ओलीलाई दबाब दिनेछन् । र, यदि माग पूरा नभए यसपालिजस्तै विश्वासको मत नदिने अड्को थाप्ने छन् ।

बैशाख २७ गते पार्टीको ह्वीप उल्लंघन गरेर उनलाई विश्वासको मत नदिए वापत ओलीले नेपाल खेमाका २८ सांसदको पद खोसिदिन सक्ने छन् । तर, त्यसले उनलाई झनै विपद् पर्नेछ । किनभने, माधव-झलनाथ खेमाका सांसदहरू नरहनेबित्तिकै कांग्रेस, माओवादी केन्द्र र जनता समाजवादी पार्टीको बाबुराम भट्टराई र उपेन्द्र यादव गठबन्धनको बहुमत पुग्न सक्छ ।

माधव खेमाले १ महिनापछि प्रधानमन्त्री ओलीले विश्वासको मत पाएनन् भने त्यसपछि बन्ने राजनीतिक समीकरणको सम्भावना हेरेर नै अहिले ओलीसँग सुलह गरेको मानिएको छ । ओली या त माधव-झलनाथ खेमासँग सहमतिमा पुग्नु पर्ने या फेरि पदमुक्त हुने खतरा व्यहोर्नु पर्ने अवस्थामा छन् । जेठ १५ गते सरकारको नीति तथा कार्यक्रम र बजेट पास गराउने चटारो पनि प्रधानमन्त्री ओलीलाई छ । प्रधानमन्त्री ओलीलाई माधव खेमाको असहयोगका कारण त्यो फेल भयो भने पनि प्रधानमन्त्री राजीनामा दिनुपर्ने दबाबमा पर्ने छन् ।

यद्यपि एमालेबाट राजीनामा दिएर अर्को पार्टीमा जाने वा नयाँ पार्टी गठन गर्ने अथवा एमालेभित्रै बसेर अन्तरसंघर्ष गर्ने विषयमा नेपाल खेमामा मतभेद पाइन्छ । यी कारणहरूले अबको १ महिना समयसीमाभित्र राष्ट्रिय राजनीतिको दिशा पनि तय गर्नेछ ।

**ओली-माधव बीचको सहमति प्रारम्भ ?**

सत्तारुढ नेकपा एमालेमा चर्किएको विवाद तत्कालका लागि समाधानउन्मुख भएपछि प्रधानमन्त्री ओली र वरिष्ठ नेता माधवकुमार नेपाल बीचको पछिल्लो सहमति मुताविक पार्टीभित्रको विवाद मिलाउन भीम रावलसहित ७ जना केन्द्रीय नेतालाई नयाँ जिम्मेवारी दिइएको छ ।

अध्यक्ष ओली र माधव खेमाका अडानका विषयमा सहमतिको मिलनबिन्दु खोज्ने जिम्मेवारी रहने सो विवाद समाधान कार्यदलमा तत्कालै ७ जना सदस्य नियुक्त गरिएका छन् भने २ जना पछि थपिने जनाइएको छ । माधव-झलनाथ खेमाबाट भीम रावल, घनश्याम भुसाल, सुरेन्द्र पाण्डे र गोकर्ण बिष्ट सदस्य रहेका कार्यदलमा अध्यक्ष ओली पक्षका विष्णु पौडेल, सुवास नेम्बाङ, शंकर पोखरेल सदस्य रहेका छन् ।

माधव खेमाका तर्फबाट पार्टी अध्यक्ष ओली समक्ष बैशाख २७ गते राखिएको ६ बुँदे मागमा 'सर्वोच्च अदालतको फैसला तथा नेपाल कम्युनिस्ट पार्टी एमालेको विधान, नियमावली, आचारसंहिता अनुरूप जेठ २ गतेको स्थितिमा पार्टी, जनसंगठन र पेशागत संगठनका सबै संरचनालाई केन्द्रदेखि स्थानीय तहसम्म क्रियाशील तुल्याउनुपर्ने, नवौं महाधिवेशनको मार्ग निर्देशन र पार्टीको विधानविपरीत २०७७ सालको फागुन २८ गते गरिएका केन्द्रीय कमिटी विघटन गर्ने लगायतका निर्णय रद्द गर्नुका साथै त्यसको आधारमा त्यसपछि भएका सबै निर्णयहरू खारेज गर्नुपर्ने' भन्ने छन् ।

# मन्त्रिपरिषद्मा पुरानैलाई निरन्तरता

**काठमाडौं/** अल्पमतका प्रधानमन्त्रीका रूपमा तेस्रो पटक नियुक्त प्रधानमन्त्री केपी ओलीले बैशाख ३१ गते पद तथा गोपनीयताको शपथ लिएका छन् ।

राष्ट्रपति विद्याभण्डारीले संसद्मा रहेका दलहरूमध्ये सबैभन्दा ठूलो संसदीय दलको नेताका रूपमा ओलीलाई प्रधानमन्त्री नियुक्त गरेकी हुन् ।


संसद्बाट बैशाख २७ गते विश्वासको मत लिन नसकेपछि उनी पदमुक्त हुन पुगेका थिए । बहुमतीय सरकार गठनका लागि निर्धारित समयमा अरू कसैको दाबी नपरेपछि स्वतः ओली प्रधानमन्त्री हुन पुगे ।

राष्ट्रपतिले उपप्रधानमन्त्री ईश्वर पोखरेल लगायत अन्य सबै पुरानै मन्त्रीहरूलाई तथा प्रधानमन्त्री ओलीले राज्यमन्त्रीहरूलाई शपथ गराएका थिए ।

शपथ लिने मन्त्रीहरूमा रामबहादुर थापा, विष्णु पौडेल, प्रदीप ज्ञवाली, हृदयेश त्रिपाठी, लेखराज भट्ट, कृष्णगोपाल श्रेष्ठ, प्रभु साह, भानुभक्त ढकाल, मणि थापा, पद्मा अर्याल, बसन्त नेम्बाङ, गौरीशंकर चौधरी, पार्वत गुरुङ, शिवमाया तुम्बाहाङ्फे, लीलानाथ श्रेष्ठ, प्रेम आले, दावा लामा तामाङ र जुलीकुमारी महतो छन् भने राज्यमन्त्रीहरू नवराज रावत, रामवीर मानन्धर छन् । उनीहरूको पोर्टफोलियो पनि साविक नै राखिएको छ ।

ओलीको संसदीय राजनीतिक यात्रा २०४८ सालमा झापाको तत्कालीन क्षेत्र नं- ६ र २०५९ सालमा झापा क्षेत्र नं- २ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएर प्रारम्भ भएको थियो । उनी २०५१ देखि २०५२ सालसम्म गृहमन्त्री थिए भने २०६४ देखि २०६५ सालसम्म उपप्रधान एवम् परराष्ट्र मन्त्री रहेका थिए ।

गत २०७२ सालमा संविधानसभाबाट नयाँ संविधान जारी भएपछि २०७२ असोज २५ गते पहिलो पटक प्रधानमन्त्री बनेका केपी ओलीलाई २०७३ सालको साउन १९ गते अविश्वासको प्रस्ताव मार्फत हटाइएको थियो । दोस्रोपटक २०७४ सालको फागुन ३ मा माओवादी केन्द्रको समर्थनमा उनी फेरि प्रधानमन्त्री चुनिएका थिए । प्रधानमन्त्री बन्ने उनी छैठौं बामपन्थी नेता हुन् ।






# घरमा रहँदा अक्सिजनको मात्रा घट्न थाले के गर्ने ?

कोरोना भाइरस संक्रमणको दोस्रो लहर तीव्र रूपमा फैलिरहँदा संक्रमितको संख्या भयावह बनिरहेको छ। अस्पतालहरू भरिभराउ भएका छन्। अस्पतालमा बेड नपाएर धेरै संक्रमित अस्पतालकै पेटी, आँगन लगायत खुला ठाउँहरूमा उपचारको आशमा मृत्युसँग जुझिरहेका छन्। धेरै अस्पतालमा अक्सिजनको अभाव छ भने अक्सिजन भएका स्थानमा पनि सिलिण्डरको अभाव देखिएको छ। कतिपय संक्रमितहरू घरमै आइसोलेशनमा बसेका छन्।

यस्तो बेला घरमा बस्दा अक्सिजनको मात्रा घट्दा के गर्ने भन्ने चिन्ता संक्रमितहरूमा छ। अस्पतालमा भर्ना भएका बिरामीले समेत अक्सिजन पाउन नसक्ने अवस्था देखिएपछि धेरैले यस्तो गम्भीर परिस्थितिमा के गर्ने भन्ने प्रश्न गरिरहेका छन्।

यसैबीच, डा.अनुप सुवेदीले घरमा बस्दाबस्दै अक्सिजनको मात्रा घट्न थाले कोभिडका बिरामीले के गर्नुपर्छ ? अस्पतालमा भर्ना गरेर पनि अक्सिजन र अन्य उपचार लिन नपाउँदा के गर्ने भन्ने उपाय सुझाएका छन्–

– स्टेरोइड औषधि खान शुरु गरिहाल्ने। यो कोभिडको सबैभन्दा महत्वपूर्ण, प्राणदायी औषधि हो। याद रहोस्, अक्सिजन नघटी यो शुरु गरे हानी हुनसक्छ। तर, अक्सिजन घट्न थाल्ने बित्तिकै यो औषधि शुरु गर्दा प्राण जोगाउन मद्दत गर्ने देखिएको छ।

– औंलामा कम्तीमा ३० देखि ६० सेकेण्ड अक्सिमिटर राखेपछि अक्सिजनको लेवल ९२ वा कम देखायो भने अक्सिजन कम भएको मानिन्छ। कि त Tab. Methylprednisolone 32 mg (१६ mg को २ चक्की वा ८ mg को ४ चक्की) एकैचोटि दिनको १ पटक, कि त Tab. Dexamethasone 6 mg (०.५ mg का १२ चक्की) एकैचोटि दिनको १ पटक, कि त Tab. Prednisolone 40 mg दिनको १ पटक खानापछि खाने।

यो औषधिले ब्लड सुगर बढाउने हुनाले मधुमेहका बिरामीले सुगरको मात्रा नाप्ने र त्यसअनुसार डाक्टरसँगको परामर्शमा मधुमेहका औषधिको डोज बढाउने वा केही दिनलाई इन्सुलिन लिनुपर्ने हुनसक्छ। औषधि खान थाले पनि अक्सिजनको जोहो गर्न वा अस्पतालमा भर्ना गर्ने कोशिश गर्न भने छोड्नु हुँदैन। तर, यो औषधि शुरु गर्दा रोगको वेग केही मत्थर हुने, समय गुजार्न सकिने र केहीलाई चाहिं अक्सिजन शुरु गर्नै नपर्ने हुन सक्छ।

यी औषधि बजारमा प्रशस्त छन्। सबैले आफूलाई आवश्यक परेको बेलामा मात्र किन्न गएमा यसको अभाव हुने गुञ्जायस छैन। अनावश्यक रूपमा पहिले नै थुपारेर कृत्रिम अभाव नगराऔं। असाध्यै जटिल बन्दै गएको परिस्थितिमा, अस्पताल भर्ना गरेर उपचार गर्न नपाएर छट्पटाइरहेका दर्जनौंलाई यसैगरी उपचार गर्न सल्लाह दिइरहनुपरेकोले अरू असंख्य मानिस यस्तै परिस्थितिमा भएको आकलन गर्दै, शायद नेपाल मेडिकल काउन्सिलका केही नियम तोड्दै, लेख्नै पर्ने भएकोले यो लेखेको छु।

*– स्वास्थ्यखबरपत्रिका*

# परिवारसँग घरमै बसेका संक्रमितले यी कुरामा ख्याल गरौं

परिवारको एक जना सदस्य कोरोना संक्रमित भएपछि संक्रमण नभएका अरू सदस्य समेत एउटै कोठामा बस्नुपर्ने अहिलेको व्यावहारिक र धेरैको साझा समस्या हो। समस्या नै भए पनि एक जनालाई कोरोना संक्रमण हुँदा सम्भव भएसम्म अलगै आइसोलेशनमा बस्नुपर्छ। सम्भव नभए २-३ जना परिवारका सदस्य सँगै बस्नुपर्ने अवस्था भएमा मास्क खोल्नु हुँदैन।

उदाहरणका लागि : श्रीमान्/श्रीमती र एउटा बच्चामध्ये एक जनालाई संक्रमण भएको छ र एउटै कोठामा बस्नुपर्ने बाध्यता छ भने एउटै कोठामा पनि दूरी कायम राख्ने प्रयास गर्नुपर्छ। खाना खाँदा सँगै बसेर खानु हुँदैन। पालो गरेर खानु पर्छ । एक जनाले मास्क खोलेर खाना खाएको बेला अरूले मास्क खोल्नु हुँदैन। पहिला खानेले आफूले खाएको ठाउँ, भाँडाकुँडा सबै सफा गरेपछि मास्क लगाउनुपर्छ। त्यसपछि मात्र अर्कोले मास्क खोलेर खाना खाने गर्नुपर्छ। मास्क नलगाई बस्नै हुँदैन।

झ्याल-ढोका बन्द गरेर बस्नु हुँदैन। सम्भव भएसम्म एउटै कोठामा २ मिटर दूरी कायम गरेर बस्नुपर्छ। संक्रमित भएका र नभएका सबैले एउटै शौचालय प्रयोग गर्नुपर्ने बाध्यता भएमा संक्रमित व्यक्तिले प्रयोग गरिसकेर डिसइन्फेक्सन हुनेगरी सफा गनु पर्छ। यदि डिसइन्फेक्सन गर्ने केही नभएमा साबुनको झोलले भने पनि सफा गरेर मात्र बाथरूमबाट बाहिर निस्कनु पर्छ। अनि मात्र बाथरूम अरूले प्रयोग गर्न सक्छन्।

एउटै कोठामा बस्दा सबैले प्रयोग गर्ने सामानहरू जस्तैः बत्ती बाल्ने स्वीच, टेबल, ढोका र बाथरूमको चुकुल सफा गरिरहनुपर्छ। सम्भव भएसम्म ४-४ घण्टामा सफा गर्दा उत्तम हुन्छ। सम्भव नभएमा पनि दिनमा ३-४ पटक त सफा गर्नै पर्छ।

त्यसैगरी, सब्जी वा खाद्यान्न किन्न जाँदा होशियार रहनुपर्छ। सकेसम्म बाहिर निस्कनु हुँदैन। आइसोलेशनमा बसेकाहरू बाहिर ननिस्किएकै राम्रो हुन्छ। यसो गर्न सकेमा धेरैलाई कोरोना संक्रमण हुनबाट जोगाउन सकिन्छ। आफन्त वा नातागोता नजिकै नभए पनि छरछिमेकी, साथीभाइ कसैलाई किनेर बाहिरसम्म ल्याइदिनुस्, त्यसपछि म भित्र ल्याउँछु भनेर भन्नुपर्छ।

आफ्नो स्वास्थ्यको बेला-बेला ध्यान दिइरहनु पर्छ। शरीरमा अक्सिजनको मात्रा जाँच गरिरहनु पर्छ। पल्स अक्सिमिटर बजारमा किन्न पाइन्छ, औषधि पसलहरूमा पनि राखिएको हुन्छ। दिनमा ३-४ पटक औंलामा राखेर अक्सिजनको मात्रा जाँच गर्नुपर्छ। जाँच गर्दा ९० भन्दा तल भएमा, श्वास फेर्न गाह्रो भएमा, सिटामोलहरू ६-६ घण्टामा खाइरहँदा पनि निरन्तर ज्वरो आएमा, एकदमै रिंगटा लागेमा, होश नभएको जस्तो भएमा तुरुन्त अस्पताल जानुपर्छ।

यस्ता समस्या भएका मानिसहरू एक्लै अस्पताल जान सम्भव नहुने भएकाले फोन गरेर अस्पताल जानको लागि एम्बुलेन्सको सहयोग लिनुपर्छ। त्यसरी बोलाइएका व्यक्तिहरू गुणस्तरीय मास्क र पीपीई लगाएर सुरक्षित भएर आएका हुन्छन्। यदि त्यो सम्भव नभएर अवस्था बिग्रँदै गएमा गुणस्तरीय मास्क लगाएर मोटसाइकलमै भए पनि अस्पताल जानुपर्छ। तर, त्यो त्यति सहज भने हुँदैन। मोटरसाइकलमा जाँदा दूरी कायम हुँदैन।

अहिले प्रायशः टोल-टोलमा युवाहरूले पनि सहयोग गरिरहेका छन्। उनीहरूले सामाजिक सञ्जाल मार्फत आफ्ना नम्बरहरू सार्वजनिक गरेका छन्। बरू उनीहरूलाई सम्पर्क गरेर सुरक्षित तरिकाले अस्पताल जाँदा राम्रो हुन्छ।

कोरोना पोजेटिभ भएको एउटाले जे औषधि खायो, अर्कोले पनि त्यही खाने चलन बढेको छ। जसका कारण मानिसले अनाहकमा ज्यान गुमाउनु परेको छ। डाक्टरको परामर्श बिना जथाभावी औषधिको प्रयोग गर्नु हुँदैन। यसरी जथाभावी औषधि खाँदा हेर्दा मानिस सामान्य देखिन्छ। श्वास फेर्न गाह्रो पनि भएको हुँदैन। तर, शरीरमा अक्सिजनको मात्रा एकदमै कम हुन्छ। यो एकदमै खतरनाक हो। त्यही भएर संक्रमितले शरीरमा अक्सिजनको मात्रा नापिरहनु पर्छ।

*(कोरोना बिरामीको उपचार तथा हेरचाहमा संलग्न नेपाल नर्सिङ संघकी महासचिव नर्वदा थापा)*

*-एजेन्सी*

# अब आफैंले कोरोना परीक्षण गर्न मिल्ने किट



दक्षिण कोरियाले आफूलाई कोरोना संक्रमण भए/नभएको थाहा पाउन आफैंले परीक्षण गर्न मिल्ने किट निर्माण गरेको छ। सो किट कोरियाका दुई औषधि निर्माता कम्पनी हुमासिस र एसडी बायोसेन्सरले निर्माण गरेका हुन्।

घरमै आफ्नो स्वाब मार्फत परीक्षण गरिने यो किटले परीक्षण गरेको १५ मिनेटमै कोरोना लागे/नलागेको पत्ता लगाउन सकिने छ।

कोरियाका २४ घण्टे पसलबाट सजिलै खरीद गर्न सकिने उक्त किटको खुद्रा मूल्य १० हजार कोरियन वन अर्थात् झण्डै १ हजार नेपाली रुपैयाँ पर्छ।

उक्त किटको सहायताबाट अब प्रयोगकर्ताले सहजै आफ्नो नतिजा थाहा पाई पोजिटिभ आए सेल्फ आइसोलेशनमा बस्ने तथा थप पीसीआर जाँच गरी स्वास्थ्य सुरक्षा अपनाउन सक्नेछन्। *-एजेन्सी*

# खाडीमा रहेका नेपालीहरूले किने ६ सय थान सिलिण्डर

**काठमाडौं**/ नेपालमा भइरहेको कोभिड-१९ महामारीको उच्च जोखिममा सघाउन विदेशमा रहेका नेपालीहरूले ६ सय थान अक्सिजन सिलिण्डर नेपाल पठाएका छन्। प्रतिसिलिण्डर ४० लिटर अक्सिजन अट्ने ६ सय थान सिलिण्डर खरीद गरिएको ओमानस्थित गैरआवासीय नेपाली संघले जनाएको छ।

मध्यपूर्वी एसियाली मुलुकमा रहेका सबै नेपालीको स्वतःस्फूर्त आर्थिक सहयोग (झण्डै ७५ लाख नेपाली रुपैयाँ बराबर) बाट सिलिण्डर किनिएको संघले जानकारी दिएको हो।

अक्सिजन सिलिण्डर नेपाल पठाउनका लागि मस्कटस्थित दूतावाससँग समन्वय गरेर एनआरएन मार्फत नै तिर्नेगरी काम भएको र त्यहाँस्थित राजदूत शर्मिला पराजुली ढकालले सहजीकरण गरेको जनाइएको छ।


सहि तरीकाले मास्क लगाउने, भौतिक दूरी कायम गर्ने र बेलाबेलामा साबुन पानीले हात धुने बानीलाई निरन्तरता दिऔं कोरोना भाइरसबाट बचौं र बचाऔं।

हल्दिबारी गाउँपालिका
हल्दिबारी, झापा


## ७० वर्षमा...

नरहेका नेकपा एमालेका नेता माधवकुमार नेपाललाई प्रचण्डको पहलमा प्रधानमन्त्री बनाउने सहमति जुट्दा २०६६ साल जेठ ११ गते उनी प्रधानमन्त्री बनाइए। तर, पार्टीभित्रैबाट काम गर्न अवरोध सिर्जना गरिएको भन्दै उनले २०६७ माघ २२ गते राजीनामा दिए। त्यसपछि नेकपा एमालेका अध्यक्ष समेत रहेका झलनाथ खनाल प्रधानमन्त्री बने। २०६७ चैत २३ गते प्रधानमन्त्री बनेका खनाल पनि पार्टीभित्रैबाट असहयोग भएपछि २०६८ साल भदौ ११ गते राजीनामा दिन पुगे।

संविधानसभाबाट बनेका ३ वटै प्रधानमन्त्रीले संविधान बनाउन नसकेपछि २०६८ भदौ १२ गते डा.बाबुराम भट्टराईलाई प्रधानमन्त्री बनाइएको थियो। भट्टराईले पनि संविधान दिन नसक्दा संविधानसभाको म्याद पनि सकिएपछि स्वतः विघटन भयो। बाबुरामले २०६९ फागुन ३० मा राजीनामा दिएपश्चात् अकर्मण्य दलहरूले २०६९ चैत १ गते तत्कालीन प्रधानन्यायाधीश खिलराज रेग्मीको अध्यक्षतामा 'सरकार' बनाए। सोही सरकारले २०७० सालमा संविधानसभा चुनाव गराएको थियो।

त्यो चुनावपछि नेपाली कांग्रेस पहिलो पार्टी बन्यो र २०७० माघ २८ गते सुशील कोइराला प्रधानमन्त्री बने। कोइराला नेतृत्वको सरकारले संविधान बनायो र २०७२ असोज ३ गते नेपालको संविधान-२०७२ जारी पनि भयो। संविधान घोषणापछि सुशील कोइरालाले २०७२ असोज २४ गते राजीनामा दिए र २०७७ असोज २५ गते पहिलो पटक केपी ओली प्रधानमन्त्री बन्न पुगे।


संविधान घोषणापछि चुनाव गराउनका लागि बनेको प्रधानमन्त्री ओली नेतृत्वको सरकारलाई चुनाव गराउन असफल भएपछि २०७३ साउन १९ गते अविश्वासको प्रस्ताव मार्फत पदच्युत गरियो। त्यसपछि दोस्रो पटक कांग्रेसको सहयोगमा २०७३ साउन १९ गते प्रचण्ड प्रधानमन्त्री बने। उनले स्थानीय तहको चुनावको मिति घोषणा गरे र कांग्रेससँगको सहमति अनुसार २०७४ जेठ २३ गते राजीनामा दिए। उनको राजीनामापछि कांग्रेस सभापति शेरबहादुर देउवा २०७४ जेठ २४ गते चौथो पटक प्रधानमन्त्री बनेका थिए। उनले प्रदेशसभा र प्रतिनिधिसभाको चुनाव गराएर २०७४ साल फागुन ३ गते राजीनामा दिएका थिए।

२०७४ सालको चुनावमा पूर्वमाओवादी र एमालेको गठबन्धनले बहुमत प्राप्त गऱ्यो र २०७४ फागुन ३ गते नै केपी ओली दोस्रो पटक प्रधानमन्त्री बने। संक्रमणकालको अन्त्य भइसकेको अवस्थामा ओली नेतृत्वको सरकारले मुलुकमा स्थायित्व र विकास गर्ने अपेक्षा गरिएको थियो। तर, ओली नेतृत्वको सरकारले काम गर्न नसकेको भन्दै कार्यभार सम्हालेको ६ महिनापछि नै आलोचना हुन शुरु भयो।

आलोचना बढ्दै गएपछि उनले २०७७ पूस ५ गते पार्टीभित्रबाट काम गर्न नदिएको भन्दै गरेको संसद् विघटनको सिफारिश सदर गर्दै राष्ट्रपति विद्यादेवी भण्डारीले प्रतिनिधिसभाको चुनाव बैशाख १७ र २७ गतेका लागि मिति तोक्दै संसद् विघटनको घोषणा गरिन्। बहुमतको सरकारले संसद् विघटन गर्न पाउने परिकल्पना नेपालको संविधानले नगरेको भन्दै प्रधानमन्त्री ओलीको कदम असम्बैधानिक भएको र संसद् पुनर्स्थापना गर्नुपर्ने माग गर्दै सर्वोच्च अदालतमा १३ वटा रिट परेकोमा सर्वोच्च अदालतको सम्बैधानिक इजलासमा भएको सुनुवाईपछि संसद् पुनर्स्थापना भएको हो। जुन संसद् हाल कायम छ।

*-लेखाजोखाडटकम*

## साताको राशी फल



**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)**
आरोग्यता बढ्ला। आर्थिक पक्ष बलियो बन्नेछ। धन सम्पत्ति बढ्नेछ। साझेदारीको काम बन्नेछ। मिठो भोजन खान पाउनुहुनेछ। हासविलासमा रुचि बढ्नेछ। लगानी बढ्नेछ। खेलकूद भ्रमणमा आकर्षण बढ्नेछ।

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो)**
आयस्रोत बढ्ला। लगानी उठ्नेछ। रोकिएको काम बनाउन र आर्थिक पक्षसित सम्बन्धित काम बन्नेछ। दूरदेशबाट शुभ समाचार मिल्नेछ। बढी खर्चमाथि नियन्त्रण राखेर योजना बजेट बनाइ कार्य गर्नु हितकर रहला।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, हा)**
उन्नति पदोन्नति हुनेछ। सरकारी क्षेत्रसित सम्बन्धित कार्यमा सफलता मिल्नुसँगै उच्चाधिकारीको पनि सहयोग मिल्नेछ। भएको दायित्वलाई पुरा गर्नुसँगै नयाँ दायित्वको पनि प्राप्ति होला। चौथो र पाँचौं दिनमा आर्थिक प्रगति होला।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)**
धर्मकर्ममा आकर्षण बढ्नेछ। ख्याति फैलिनेछ। चौथो र पाँचौं दिनमा कार्यमा सफलता प्राप्त होला। बौद्धिक र रचनात्मक पक्षसित सम्बन्धित काम बन्नेछ। सुख समृद्धि बढ्नेछ। उन्नति पदोन्नति हुनेछ। यश वर्चश्वमा वृद्धि हुनेछ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)**
धर्मकर्ममा प्रवृत्त रहनुहुनेछ। मान पुरस्कार प्राप्त होला। चौंथो, पाँचौं र छैठौं दिनमा अनावश्यक खर्च र यात्रा हुने सम्भावना रहनेछ। विवादमा पर्नु र अरुको भरमा बस्नु उचित हुनेछैन। सातौं दिनमा कर्म पथमा अग्रसरता बढ्ला।

**कन्या (टो, पा, पि, पु, ष, ण, ठ, पे, पो)**
साझेदारीसित सम्बन्धित काम बन्नेछ। रोकिएको काम बन्नेछ। सुख सम्पति बढ्ला। मिठो भोजन मिल्नेछ र आरोग्यता बढ्ला। भाग्यवर्द्धक काम बन्नेछ। यात्रा होला। ख्याति फैलिनेछ। धर्मकर्ममा आकर्षण बढ्नेछ।

**तुला (रा, रि, रु, रे, रो, ता, ति, तु, ते)**
खेलकूद र भ्रमणमा आकर्षण बढ्नेछ। लापर्वाही नगरी योजना बनाएर काम गर्नु उचित होला। बाँकी दिनहरू समय धन यश मान महत्ववर्द्धक रहनेछन्। आरोग्यता बढ्ला। यश बर्चश्व बढ्नेछ।

**वृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)**
प्रारम्भिक दिनहरूमा बौद्धिक र रचनात्मक कार्य बन्नेछ। सुख सम्पति बढ्नुसँगै प्रेमको पथमा प्रगति होला। इष्टमित्र सन्तान सुख बढ्नेछ। मध्यतिर आरोग्यता बढ्नेछ। विजयश्री मिल्नेछ। ऋण रोग र शत्रुसित लड्ने प्रतिरोधात्मक क्षमता बढ्नेछ।

**धनु (ये, यो, भा, भि, भु, धा, फा, ढा, भे)**
अरुमाथि बढि भर नपरी आफ्नै बल-विवेकले काम गर्नु उचित रहला। विवाद आदिमा नपर्नु बेस रहला। कला, साहित्य, गीतसंगीत, बौद्धिक, रचनात्मक आदिसित सम्बन्धित काममा सफलता मिल्नेछ।

**मकर (भो,जा,जि,खि,खु,खे,खो,गा,गि)**
विकासको नयाँ सम्भावना देखापर्ला। सुख शान्ति बढ्नेछ। यात्रा होला। आँट पराक्रम बढ्नेछ। इष्टमित्रको सहगोग प्राप्त होला। चौंथो र पाँचौं दिनतिर देखापरेको समस्याको समाधान मिल्नेछ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, दा)**
शारीरिक र आर्थिक जोखिममा नपर्नु उचित हुनेछ। यसपछिका दुई दिनमा बोली र व्यक्तित्वको प्रभाव बलियो बन्ला। वार्तामा सफलता मिल्नेछ। आर्थिक पक्ष बलियो बन्नेछ। सभा-समारोहमा मान पुरस्कार प्राप्त होला।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, चा, चि)**
मान यश सुख समृद्धि बढ्नेछ। यश बर्चश्व बढ्ला। उन्नति पदोन्नति हुनेछ। आर्थिक वार्तामा सफलता मिल्ला। सभासमारोहमा मान पुरस्कार मिल्नेछ। अन्तिमतिर विकासको नयाँ सम्भावना देखा पर्ला। आशा उत्साह बढ्नेछ।

## 'जनताको लाशमा सत्ताको तानातान'



सञ्चारकर्मी प्रेम बानियाँले- नेपालका राजनीतिकर्मीहरूले सत्ताको छाला तानातान गर्ने खेलमा विचार गर्ने बेला आयो कि ?'-भनेर टिप्पणी गरेका छन् ।

'सरकारलाई दबाब दिनु एउटा विषय हो, दिनुपर्छ । तर, संसारको सबैभन्दा शक्तिशाली र समृद्ध भनिएको देश अमेरिकाको सरकारले पनि यो महामारीलाई व्यवस्थित सामना गर्न सकेन । मानिसहरू कोरोना लागेर अस्पताल जाँदा भर्ना समेत नलिई घरमै क्वारेन्टिनमा बस्नुहोला भनी पठाएको उदाहरणको साक्षी हूँ म ।'

'यस्तो र यति प्रलयकारी महामारीको परिकल्पना गरेर सामान्यता पूर्वाधार बनाइएको छैन रहेछ संसारभर । तर, मेरो ठूलो खेद छ- नेपालका राजनीतिकर्मीहरूप्रति । यो सत्ताको छाला तानातान गर्ने खेलमा तिमीहरूले जनताको मृत्यु पिइरहेका छौ ! इतिहासमा यी दिनहरू नेपाली राजनीतिका नीच र काला दिनहरूको विम्बका रूपमा लेखिनेछन् ! यो रोम र निरोको कथाभन्दा कैयौं गुणा घिनलाग्दो यथार्थका रूपमा दर्ज हुनेछ ! हामी लेख्नेछौं यो कथा'- उनले लेखेका छन् ।

## बौद्धिकता सौद्धिकता भाँडमा जाओस्, आज यो मनमा लागेको लेख्छु, आफ्नै ढंगले

पार्टी कार्यालय, संसद् भवन, बालुवाटार, खुमलटार होइन; अस्पतालहरूमा जाऊ नालायकहरू हो ! जनताको भोट लिएर महामारीमा लुक्ने ?? मध्यरातमा आपत् परेका बिरामीहरूको



चित्कार सुन्न नसकेर निदाउन नसकेको कैयौं रात भैसक्यो, तिमीहरू चाहिं कसरी सुत्छौ नालायकहरू हो ? तिम्रो सरकारको विश्वासमा कति, अविश्वासमा कति मान्छे संसद्मा उभिए, थाहा छैन र मतलब पनि छैन । तर, आज १३९ जना मानिस मरे, अधिकांश अक्सिजन नपाएर । कहीं कतै अक्सिजनको एउटा खाली सिलिण्डर छ भन्ने सुन्दा पनि अमृत भेटिएजस्तो लाग्छ । यो देशको कुनै नेताको हिम्मत भए मसँग उसले रोजेको अस्पतालको गेटमा भेटोस् ।

यो महामारीमा मान्छेलाई मर्नु बाहेकको विकल्प नदिएर, आफू चाहिं भाग्ने, लुक्ने, सुत्ने ?? अस्पतालको ढोका-ढोकामा मान्छे रुँदै र कराउँदै स्वास्थ्यकर्मीसँग ज्यानको भीख मागिरहेका छन् । अनि मर्न नसकेका, निकम्मा, मूला सुद्दि हराएका, कोरोना नआएको भए पनि सुइँकिसक्नु पर्ने नेताहरू चाहिं बेफ्वाँकमा बाँचिईईईईईईईईईईईईई रहने ?????? अझ सुविधासम्पन्न अस्पतालको पनि सबैभन्दा महङ्गो क्याबिनमा ????? अति भएन ??

तपाईं चाहिं रातभर अस्पताल अस्पतालमा बिरामी बोकेर रुँदै कराउँदै धाउने, अनि तपाईंले भोट हालेको लठुवा चाहिं रातभरि जाँड खाएर ओली, प्रचण्ड, देउवा, माधवको गु खान नपाएकोमा पछुताएर निधारमा १७ मुजा पारेर बस्ने ??? केही हरामीहरूलाई तपाईंको आफन्तको प्राण गएको भन्दा ओलीको कुर्सी गएकोमा चिन्ता छ । ए... मेरा प्रिय नेपाली दाजुभाइ-दिदिबहिनीहरू हो ! अन्तिम श्वास बाँकी हुँदा पनि भोटको मूल्य माग्न नसक्नेगरी नालायक नबनौं न ल !!

मेरो प्रस्ताव मान्ने ?? अब यसो गरौं : प्रत्येक दिन बिहान ८ बजे आफूले भोट हालेको नेताको घरमा भेला हौं र भोटको जवाफस्वरुप अक्सिजन मागौं । दिन नसक्ने नालायकको राजीनामा नमागी नफर्कौं । यति गर्न नसक्नेले अब कम्तीमा पनि यो देशको अवस्था फेरिने आशा नगरौं !!! दुर्भाग्यवश मैले गत चुनावमा भोट हाल्ने सौभाग्य पाइन, तर तपाईंले त भोट हाल्नु भो होला नि, हैन ? तपाईं अस्पताल अस्पताल धाउँदा तपाईंले भोट हालेकाहरू के गर्दैछन्- यो महामारीमा ? तपाईं छट्पटाउँदा के गर्दैछन्- तपाईंको भोट पाउनेहरू ?? ब्लथ क्षमभब ??

**सञ्चारकर्मी रवि लामिछाने**

*(बैशाख २८ गतेको उनको फेसबूक वालबाट)*

## प्रधानमन्त्रीज्यू, तपाईंले मृगौला नपाएको भए के हुन्थ्यो ?

त्यसैगरी, विवेकशील साझा पार्टीका अध्यक्ष रवीन्द्र मिश्रले प्रधानमन्त्री केपी ओलीलाई गम्भीर प्रश्न गरेका छन् ।



बैशाख ३० गते एक भिडियो सन्देश मार्फत मिश्रले भनेका छन्- 'यदि तपाईंको मृगौला प्रत्यारोपण गर्ने समयमा मृगौला नपाएको भए तपाईं र तपाईंको परिवारलाई कस्तो महसूस हुन्थ्यो ? हो, त्यसैगरी आज सयौं नेपालीहरू जीवन र मृत्युको दोसाँधमा अक्सिजन नपाएर छट्पटाइरहेका छन् र धेरैको मृत्यु पनि भइसकेको छ ।'

देशभर अक्सिजन अभाव हुनुको मुख्य कारक सरकार भएको भन्दै उनले- निजी अस्पताललाई १५ दिनभित्र अक्सिजन प्लान्ट लगाउन निर्देशन दिनु हाँस्यास्पद र मूर्खता भएको टिप्पणी पनि गरेका छन् । सरकारले गर्न नसक्ने काम निजी अस्पतालले कसरी गर्नसक्छ ?- उनको थप प्रश्न छ ।मिश्रले तुरुन्त मित्रराष्ट्रहरूसित सम्बाद गरेर अक्सिजन प्लान्ट स्थापनाका लागि सहयोग माग्न सुझाव दिंदै देशभरका अस्पतालमा शैयाको अभाव भएको अवस्थामा सेना र प्रहरीको सहयोग लिएर देशभर शैया र जनशक्तिको व्यवस्थापन गर्न, देशभरका सम्पूर्ण गरीब जनताले निःशुल्क उपचार पाउने व्यवस्था मिलाउन र नागरिकप्रति अपराध नगर्न समेत आग्रह गरेका छन् ।

अवस्था यस्तो छ
- दादागिरीहरूका कारण
डाक्टरहरूको मनोबल समेत
गिराउने काम भएको छ ।

अनि हामी पहुँच बिनाका
सर्वसाधारण आफैं जोगिने हो ।

'अत्यन्तै मर्माहत छु साथीहरू !

साँझ ५:४९ बजे । कोठामा आएको मात्र के थिएँ, फेरि हस्पिटलबाट फोन आयो- 'सर, अक्सिजन सकिनै लाग्यो !'

'कसरी ! आज त हामीहरूलाई ५० सिलिण्डरका दरले ४-४ घण्टामा दिने हैन र ?'



'हो सर, तर ४ बजे आउनुपर्ने ग्यास अझै आएन । सर ! कम्पनीमा सोधिदिनुहोस् न, किन आएन ? अब १५ मिनेटलाई मात्र पुग्छ ।'

मैले कम्पनीको मालिकलाई फोन गरें- '...जी ! खै त, आज पनि त्यस्तै भो किन ? बिरामी त मर्छन् केही बेरमा । यदि सप्लाई भएन भने त ।'

'४ बजे नै आउनुपर्ने । किन ढिला भयो त ?'

ऊ- 'सर हजुरहरूलाई राखेको अक्सिजन सिलिण्डर पुलिसको ठूलो मान्छेहरू आएर लिएर गए । हामीले के भन्ने सर, जबरजस्ती गरेपछि !'

म ट्वाँ... ! (रिस र पीडाले रुन मात्र सकिन)

म- 'अब के हुन्छ ?'

ऊ- 'हैन सर ! १० वटा पठाइदिहाल्छु ।'

म- 'यार तपाईं ! मानिसहरू भेन्टिलेटरमा छन्, अक्सिजन बिना एक मिनेट रहन सक्दैनन्, खेलाँची सम्झनु हुन्छ यो मानव जीवनलाई ! ती मानिसको मृत्यु भएमा जिम्मेवार को ? तपाईं कि म ? कि ती 'ठूला पुलिस'... ?'

ऊ- 'सर ! त्यो त म के भनूँ ।'

निःशब्द !

त्यसपछि गृह सचिवज्यूलाई फोन गरें र भनें- 'यो देशमा पुलिसको दादागिरी चल्दो रैछ हैन सचिवज्यू ? बरू मेरो अस्पताल तिनैलाई जिम्मा लगाइदिनुहोस् सर ! मलाई हटाइदिनुस् ।'

उता- '.. यस्तै हो... म बुझ्छु...!'

औधि पीडा छ हजुर......!
जीवनमा डाक्टर भएँ,
मानव जीवनलाई माया गरें,
आँखै अगाडि धेरै मृत्यु
देखिरहेको छु,
मजस्तै जीवनहरू
तिमीहरूलाई बचाउन सकिन, माफ गर !

हार्दिक श्रद्धाञ्जलि प्रिय
जीवनहरू ! ! !

**डा.Santosh Paudel**

*(निर्देशक : राष्ट्रिय ट्रमा सेन्टर)*

## एकका लागि एक अभियानद्वारा अब अक्सिजन बैंक

**बिर्तामोड/** कोभिड संक्रमितको उपचारमा अक्सिजनको माग बढ्दै जाँदा देशभरका अस्पतालमा अक्सिजनको अभाव भइरहेको बेला यहाँ 'एकका लागि एक अभियान'ले अक्सिजन बैंक स्थापना गर्ने भएको छ ।

कोभिडको पछिल्लो चरणमा झापा जिल्लाको कनकाई, कोटीहोममा पीसीआर ल्याब स्थापना गरेको सो अभियानले अब अक्सिजन बैंक स्थापना गर्ने अभियान चालू राखेको अभियानका संयोजक महेन्द्रकुमार गिरीले बताएका छन् ।

नेपालमै अक्सिजन उत्पादन भइरहे पनि सिलिण्डरको अत्यधिक अभाव छ । यतिबेला भद्रपुरस्थित मेची सहित जिल्लाका ३ वटा अस्पतालमा अक्सिजन प्लान्टको निर्माण धमाधम भइरहेको छ । तर, ती अस्पतालहरूमा पनि सिलिण्डरको अभाव छ ।

अक्सिजन बैंक स्थापना गर्न चीनबाट सिलिण्डर आयात गर्ने तयारी भएको र पहिलो चरणमा ४ सय थान खरीद गर्न करीब ६० लाख रुपैयाँ लाग्ने अनुमान गरिएमध्ये सहारा नेपालको टिमले सहयोग गर्ने १० लाख रुपैयाँमा नपुग रकम स्वेच्छापूर्वक जनसमुदायबाट संकलन भइरहेको जनाइएको छ । सो अभियानमा आवश्यक सहयोगका लागि अन्तर्राष्ट्रिय झापाली समाजका साथै वित्तीय संस्थाहरू समक्ष सहयोग मागिने अभियानकर्मी बिनोद बस्नेतले बताए ।

## नोबेल र केएमसीमा उपचार निःशुल्क

**बिराटनगर/** डा.सुनील शर्माद्वारा सञ्चालित सिनामंगलस्थित काठमाडौं मेडिकल कलेजमा पनि कोरोना संक्रमितको उपचार निःशुल्क हुन थालेको छ ।

कोरोना संक्रमितलाई निःशुल्क उपचार गराउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र केएमसीबीच बैशाख २६ गते सम्झौता भएसँगै अब सबै कोरोना संक्रमितले केएमसीमा निःशुल्क उपचार पाउने भएका छन् ।

उपचारका क्रममा लाग्ने खर्च स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले ब्यहोर्ने सम्झौता भएकाले अब केएमसीमा कोरोना संक्रमितको उपचार निःशुल्क हुने बताएका अस्पतालका अध्यक्ष डा.शर्माद्वारा सञ्चालित बिराटनगरस्थित नोबेल शिक्षण अस्पतालमा पनि त्यसको केही दिन अघिदेखि कोरोना संक्रमितको निःशुल्क उपचार भइरहेको जनाइएको छ ।

गत वर्षको कोरोना महामारीमा सरकारले पीसीआर परीक्षण शुल्क ४ हजार ४ सय रुपैयाँ तोकेका बेला केएमसीमा २ हजार ५ सयमै पीसीआर परीक्षण हुन्थ्यो भने अहिले पनि सरकारले तोकेको पीसीआर परीक्षणको अधिकतम शुल्क २ हजारमा ५ सय रुपैयाँ छुट गर्ने व्यवस्था छ ।

## 'बाँचियो भने नाफा अर्को साल कमाउँला'

**काठमाडौं/** नेपाल राष्ट्र बैंकले उद्योगी-व्यवसायीलाई चैत्रको बैंक ऋणको साँवा-ब्याज किस्ता असार मसान्तमा तिर्ने व्यवस्था गर्न बैंकहरूलाई गरेको परिपत्र ऋणीलाई राहत दिनुको साटो डुबाउने खेल भएको पुराना बैंकर एवम् हाल महालक्ष्मी लाइफ इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत रमेशकुमार भट्टराईले जनाएका छन् ।

उद्योग-व्यवसायको हितका लागि उनले केही सुझावहरू दिएका छन्–

१) लकडाउनको चेन असर असारपछिसम्म जान्छ । कारोबार नियमित र राम्रो हुँदैन । क्यासफ्लो नभएको अवस्थामा ३ महिनाको तिर्न नसक्नेले ६ महिनाको कसरी सक्छ ?

२) उद्योग-व्यवसाय चलेमा बैंक पनि चल्ने र सरकारले पनि कर पाउने तथा रोजगारी वृद्धि लगायत समग्र अर्थतन्त्र चलायमान हुन्छ । त्यसैले उद्योग-व्यवसायको संरक्षण र विकास नै प्रमुख कुरा रहेको राष्ट्र बैंकले बुझ्नु जरुरी छ ।

३) बैंकहरू नाफा कमाउने संस्था हुन् । सधैं कमाएका पनि छन् । तर, अहिले बाँच्ने र बचाउने बेला हो । बाँचे भने फेरि कमाउन पाइन्छ । त्यसैले बैंकका ऋणीहरूको ३ महिनाको ब्याज असारको ब्यालेन्स-सिट नेगेटिभ हुनेगरी पूर्णतः मिनाहा गर्नुपर्छ । नेगेटिभ हुनेको हकमा ब्यालेन्ससिट पोजेटिभ बनाउने जति रकम सरकारले बैंकलाई राज्यकोषबाट सब्सिडी दिनुपर्छ ।

४) महामारीमा एक वर्ष लाभांश नपाउँदा कुनै शेयरधनीले विरोध गर्दैनन् । मेरो नि बैंक बीमामा शेयर छ, मलाई कुनै आपत्ति छैन । उद्योग-व्यवसाय चलेमा तथा बैंक र हामी रहेमा न नाफा खाने कुरा आउँछ ।

५) सरकारले पनि नाफाखोरी सोच हटाई बैंकहरूलाई ३०% को सट्टा २०% र उद्योग-व्यवसायलाई २५% को सट्टा १५% कर मात्र लिने घोषणा गरी यो महासंकटको बेला उदार मनले राहत दिनुपर्छ ।

६) उद्योग-व्यवसायले खपत गर्ने विद्युतमा विद्युत प्राधिकरणको वासलात नेगेटिभ नहुनेगरी सके जति छुट दिनु पर्छ । कर्मचारीको रोजगारी बचाउन पारिश्रमिक करमा छुट दिएर तेति रकम तलबमा घटाउन पाउने गरी उद्योगलाई खर्च कम गर्न सहयोग गर्नुपर्छ ।

७) नागरिक रहेमा उद्योग-व्यवसाय चल्ने हो, उद्योग-व्यवसाय रहेमा बैंक चल्ने हो र बैंक चलेमा अर्थतन्त्र राम्रो भई देश रहने हो । यो कुरा बुझी उदारता देखाऊ । आफू नि बाँचौं, अरू सबैलाई नि बचाउँ ।

## कुकुरलाई मास्क !



कोरोना भाइरसको बढ्दो संक्रमण झन्-झन् भयावह बन्दै जाँदा धेरै मानिसले आफू र आफ्नासँगै घरपालुवा जनावरको पनि सुरक्षा गर्न थालेको पाइँदैछ ।

मानिसले रहरले पालेका घरपालुवाको सुरक्षा गर्नु स्वाभाविक पनि हो । यसैबीच सामाजिक सञ्जालमा भाइरल बनेको छ- एक व्यक्तिले आफ्नो पाल्तु कुकुरका लागि देखाएको प्रेम ।

सबैको ध्यानाकृष्ट गरेको इण्डियाको सो भिडियोमा एक गरीब व्यक्ति आफ्नो काँधमा कुकुरलाई मास्क लगाइदिएर बोकेर हिंडिरहेका देखिन्छन् । एक व्यक्तिले तिनलाई सोध्छन्- 'कुकुरलाई यसरी काँधमा बोकेर किन हिंडेको ?'

जवाफमा उनले भनेका छन्- 'म मर्छु, तर यसलाई केही हुन दिन्न ।'

*- एजेन्सी*

## एकैसाथ ९ बच्चाको जन्म

माली नामको देशकी एक महिलाले ९ जना शिशु जन्माएकी छन् । बैशाख २१ गते ती २५ वर्षीया हलिमा सिसे नामकी महिलाले मोरक्कोमा ती शिशुलाई जन्म दिएकी हुन् ।

यद्यपि मोरक्कोको स्वास्थ्य मन्त्रालयका प्रवक्ता रचिड कोधरीले भने कुन अस्पतालमा जन्म भएकोबारे आफूलाई जानकारी नभएको बताएका छन् ।

मालीको स्वास्थ्य मन्त्रालयले हलिमाले अपरेशनको माध्यमबाट ५ छोरा र ४ छोरी एकैसाथ जन्म दिएको दाबी गरेको सबै शिशुसँगै आमा स्वस्थ रहेको मालीका स्वास्थ्य मन्त्री फन्टा सिबीले एएफपीलाई जनाएको उल्लेख छ । -एजेन्सी



